INTERNATIONAL IDEA
INSTITUTE FOR DEMOCRACY AND ELECTORAL ASSISTANCE

RDF

# निर्वाचन प्रणालीको प्रारुप:

## अन्तर्राष्ट्रिय आइडीइएको नयाँ हातेपुस्तकको सिंहावलोकन





*सम्पादन तथा अनुवाद:*
उदय नेपाली श्रेष्ठ
प्रा. कृष्ण खनाल
कृष्णमान प्रधान
माघव पौडेल
विदुर के.सी.



Andrew Reynolds
Ben Reilly
and Andrew Ellis

With
José Antonio Cheibub
Karen Cox
Dong Lisheng
Jørgen Elklit
Michael Gallagher
Allen Hicken
Carlos Huneeus
Eugene Huskey
Stina Larserud
Vijay Patidar
Nigel S. Roberts
Richard Vengroff
Jeffrey A. Weldon




# Key

- FPTP – First Past the Post
- TRS – Two Round System
- AV – Alternative Vote
- BV – Block Vote
- PB V – Party Block Vote
- Parallel – Parallel
- MMP – Mixed Member Proportional
- List PR – List Proportional Representation
- STV – Single Transferable Vote
- SNTV – Single Non-Transferable Vote
- LV – Limited Vote
- Modified BC – Modified Borda Count
- No provisions for direct elections

# The Electoral Syst

The electoral systems for national
houses – of independent cou
Territories are included where they
legislature of the country wit

This map does not imply any judgement on the part of the Institute on the legal status of any territory or the endorsement c

© International IDEA Origi

# निर्वाचन प्रणालीको प्रारुप

## *अन्तर्राष्ट्रिय आइडीइएको नयाँ हातेपुस्तकको सिंहावलोकन*

यो सिंहावलोकन आइडीइएबाट प्रकाशित *निर्वाचन प्रणालीको प्रारुप: अन्तर्राष्ट्रिय आइडीइएको नयाँ हातेपुस्तक, २००५* (ISBN ९१-८५३९१-१८-२) को सार हो । यसमा निर्वाचन प्रणालीको छनौटका मुख्य-मुख्य सिद्धान्तहरू, उपलब्ध विकल्पका फाइदा र बेफाइदाहरू तथा संस्थागत प्रारुपकर्तालाई दिइएका सल्लाहको सारांश समावेश छन् । मूल हातेपुस्तकमा दिइएका उदाहरण र विषय-अध्ययनहरू हटाइएका छन् भने पुष्टि गर्न दिइएका तर्कहरूलाई संक्षेपमा उल्लेख गरिएका छन् ।

अन्तर्राष्ट्रिय आइडीइएका प्रकाशनहरू कुनै राष्ट्र विशेष वा राजनीतिक स्वार्थबाट स्वतन्त्र छन् । यस प्रकाशनमा व्यक्त गरिएका विचारहरूले स्वभावतः अन्तर्राष्ट्रिय आइडीइए, यसको सञ्चालक समिति वा परिषद् सदस्यहरूका विचारलाई प्रतिनिधित्व गर्दैनन् । यस पुस्तकमा प्रस्तुत गरिएका नक्साहरूले कुनै स्वशासित क्षेत्रको कानूनी हैसियत वा तिनका सिमाना सम्बन्धमा यस संस्थाको विचार दर्शाउँदैनन्, न त यसमा दिइएका नक्सा र आकारले कुनै मुलुक वा स्वशासित क्षेत्रका सम्बन्धमा यो संस्थाको राजनीतिक विचारधाराको नै प्रतिनिधित्व गर्दछ । मूलग्रन्थलाई स्पष्ट गर्ने उद्देश्यबाट यी नक्साहरू सिर्जना गरिएका हुन् ।

सर्वाधिकार © International Institute for Democracy and Electoral Asistance 2005 र ग्रामिण विकास प्रतिष्ठान (Rural Development Foundation)

यस प्रकाशनको पुनःमुद्रण वा सम्पूर्ण या कुनै अंशको अनुवादका लागि अनुमति प्राप्त गर्न निम्न ठेगानामा निवेदन दिनुपर्ने छः

Publications Office
International IDEA
SE- 103 34 Stockholm
Sweden

**ग्रामिण विकास प्रतिष्ठान**
**काठमाडौं–११**
**बबरमहल**
**नेपाल**

***अंग्रेजी संस्करणको***

| | | |
|---|---|---|
| आवरण र नक्सा प्रारुपकर्ता | : | म्याग्नस अल्कमार (Magnus Alkmar) |
| आवरण फोटो | : | © प्रेसेन्स बिल्ड (Pressens Bild) |
| लेआउट | : | रोविन ओटिनफेल्ट (Robin Ottenfelt) |
| मुद्रक | : | बुल्स ट्रिकेरी, स्वीडेन (Bulls Tryckeri, Sweden) |
| नेपाली संस्करण | : | २०६३ फागुण (February, 2007) |
| मुद्रक | : | Dots & Lines Graphic Arts (P) Ltd<br>Kathmandu Nepal, Tel: 4359174 |
| ISBN | : | 978-91-85724-07-9 |

# बिषय–सूची


| | |
|---|---|
| निर्वाचन प्रणाली छनौटको सन्दर्भ | ४ |
| निर्वाचन प्रणाली के हुन् | ५ |
| निर्वाचन प्रणाली प्रारुपका आधार | ६ |
| बहस र परिवर्तनको प्रकृया | १० |
| निर्वाचन प्रणालीको छनौट | १२ |
| निर्वाचन प्रणालीका फाइदा र बेफाइदाहरू | १५ |
| प्रतिनिधित्व र प्रशासनसम्बन्धी विचारणीय पक्ष | १७ |
| निर्वाचन प्रणाली र राजनीतिक दलहरू | १८ |
| निष्कर्ष: धेरै विकल्पहरू र मुख्य सिद्धान्तहरू | १९ |
| निर्वाचन प्रणाली प्रारुपकर्ताको लागि चेकलिष्ट | २३ |
| शव्दावली | २४ |
| अन्तर्राष्ट्रिय आइडीइएको बारेमा | २८ |
| ग्रामीण विकास प्रतिष्ठानको बारेमा | २९ |

प्रायः सबै अवस्थामा कुनै खास निर्वाचन प्रणालीको छनौटले सम्बन्धित देशको भावी राजनीतिक जीवनमा गम्भीर असर पार्दछ ।

निर्वाचन प्रणाली छनौट गर्ने काम मूलतः राजनीतिक प्रकृया हो न कि एउटा त्यस्तो प्रश्न जसको एकल "सही उत्तर" स्वतन्त्र प्राविधिक विशेषज्ञहरूले दिन सक्छन् ।

निर्वाचन प्रणालीको छनौटले समग्र राजनीतिक र संस्थागत संरचनामा महत्वपूर्ण प्रभाव पार्नसक्छ त्यसैले निर्वाचन प्रणालीलाई पृथक रुपमा हेर्नु हुँदैन ।

आज, निर्वाचन प्रणालीलाई सबै राजनीतिक संस्थाहरू मध्येको अत्यन्तै प्रभावशाली संस्थाको रुपमा र शासनका व्यापक सवालहरूका सन्दर्भमा अत्यन्तै महत्वपूर्ण पक्षको रुपमा हेर्ने गरिन्छ ।

स्थानीय भौगोलिक प्रतिनिधित्व घटाउन र समानुपातिक पक्षलाई प्रवर्द्धन गर्ने दुवै उद्देश्य हासिल गर्न निर्वाचन प्रणालीको प्रारुप तयार पार्न सकिन्छ ।

## निर्वाचन प्रणाली छनौटको सन्दर्भ

निर्वाचन प्रणालीको छनौट लोकतन्त्रका लागि एउटा अत्यन्तै महत्वपूर्ण संस्थागत निर्णय हो । प्रायः सबै अवस्थामा कुनै खास निर्वाचन प्रणालीको छनौटले सम्बन्धित देशको भावी राजनीतिक जीवनमा गम्भीर असर पार्दछ र राजनीतिक स्वार्थको परिधिले यसलाई ठोस रुप दिने र त्यसबाट प्रस्तुत भएका उत्प्रेरणालाई प्रतिक्रिया जनाउने हुनाले एक पटक निर्वाचन प्रणालीको छनौट गरिएपछि तिनीहरु प्रायः पूर्णरुपमा स्थिर रहन्छन् । खास राजनीतिक स्वार्थबाट छनौट गरिएकामा अप्रत्याशित परिणामका साथै पूर्वानुमानित असर हुन सक्दछन् ।

निर्वाचन प्रणालीको छनौट गर्ने काम मूलतः एक राजनीतिक प्रकृया हो न कि त्यस्तो कुनै एक प्रश्न जसको एकल "सही उत्तर" स्वतन्त्र प्राविधिक विशेषज्ञहरूले दिनसक्छन् । राजनीतिक फाइदाको विषय नै प्रायः सबै निर्वाचन प्रणालीको छनौट गर्ने एउटा तत्व हो । अल्पकालीन राजनीतिक स्वार्थको हिसाब किताबले कुनै खास निर्वाचन प्रणाली अपनाउँदा दीर्घकालीन परिणामलाई धमिलो बनाउनसक्छ ।

निर्वाचन प्रणालीको छनौटले समग्र राजनीतिक र संस्थागत संरचनामा महत्वपूर्ण प्रभाव पार्नसक्ने हुनाले निर्वाचन प्रणालीलाई पृथक रुपमा हेर्न नहुने कुरा महत्वपूर्ण हुन्छ । निर्वाचन प्रणालीका प्रारुप र असर संविधानभित्र र बाहिरका अन्य संरचनाहरूमा प्रगाढ रुपमा निर्भर हुन्छन् । सफल निर्वाचन प्रणालीको प्रारुप समग्र राजनीतिक संस्थाहरूको संरचनालाई दृष्टिगत गरी तय गरिएको हुन्छ । यस संरचनाको एउटा भाग परिवर्तन गर्दा यसभित्रका अन्य संस्थाहरूले काम गर्ने तरिकामा समायोजन गर्नुपर्ने अवस्था आउनसक्छ ।

उदाहरणको लागि, छनौट गरिएको निर्वाचन प्रणालीले मैदानमा दलका नेताहरू र कार्यकर्ताहरूबीच द्वन्द्व समाधान गर्न कसरी सघाउँछ वा प्रोत्साहन गर्दछ ? दलका नेताहरूले दलका निर्वाचित प्रतिनिधिहरू उपर कति धेरै नियन्त्रण राख्छन् ? के प्रतिनिधिमूलक लोकतन्त्रका संस्थाहरूलाई परिपूरण गर्नसक्ने जनमत सङ्ग्रह, नागरिकहरूको पहल वा प्रत्यक्ष लोकतन्त्र सम्बन्धी संवैधानिक व्यवस्थाहरू छन् ? साथै, के निर्वाचन प्रणालीका विस्तृत कुराहरू संविधानमा संलग्न अनुसूचीमा वा नियमित रुपमा बन्ने कानूनमा निर्दिष्ट गरिएका छन् ? यी कुराहरूले निर्वाचन प्रणाली कति सुदृढ तवरमा स्थापित छ वा निर्वाचित बहुमतबाट परिवर्तन गर्नसकिने गरी कति खुला हुनसक्छ भन्ने कुरा निर्धारण गर्दछ ।

खासगरी दुईवटा महत्वपूर्ण संरचनागत सवालहरू छन्- केन्द्रीकरणको मात्रा र संसदीय शासन प्रणाली तथा अध्यक्षात्मक शासन प्रणलीबीचको छनौट । मुलुक संघात्मक वा एकात्मक के हुने हो ? संघात्मक हुने हो भने, के इकाइहरू आफ्नो अधिकारको क्षेत्रमा समस्वरुप वा असमान स्वरुपका छन् ? व्यवस्थापिका र कार्यपालिकाबीचको सम्बन्धले यी दुबैको लागि निर्वाचन प्रणालीको प्रारुपले महत्वपूर्ण प्रभाव पार्दछ । प्रत्यक्ष रुपमा निर्वाचित राष्ट्रपतिका लागि सफल सरकार व्यवस्थापिकाको महत्वपूर्ण समर्थनविना कठिन हुनेछ । तसर्थ, राष्ट्रपति र व्यवस्थापिकाका पृथक-पृथक भूमिकाले निर्वाचन प्रणालीका दुई विकल्पहरूको छनौट गर्दा प्रभाव पार्ने भिन्न-भिन्न तत्वहरू उत्पन्न गर्ने भए तापनि अध्यक्षात्मक र अर्ध-अध्यक्षात्मक लोकतन्त्रहरूमा राष्ट्रपति र व्यवस्थापिकाको निर्वाचन प्रणालीलाई एकैसाथ विचार गर्नुपर्दछ । निर्वाचनको तादात्म्यता वा अन्य व्यवस्था तथा दलहरूलाई विखण्डन गर्न प्रोत्साहित वा निरुत्साहित गर्ने व्यवस्थाका साथै दलहरू तथा निर्वाचित सदस्यहरूबीचको सम्बन्धलाई त्यसै समयमा विचार गर्नुपर्दछ ।

आज, निर्वाचन प्रणालीलाई सबै राजनीतिक संस्थाहरूमध्येको प्रभावशाली संस्थाको रुपमा र शासन व्यवस्थाका व्यापक सवालहरूको सन्दर्भमा अत्यन्तै महत्वपूर्ण पक्षको रुपमा हेर्ने गरिन्छ । उदाहरणको लागि, स्थानीय भौगोलिक प्रतिनिधित्व गराउने र समानुपातिक पक्षलाई प्रवर्द्धन गर्ने दुबै उद्देश्य हासिल गर्न निर्वाचन प्रणालीको प्रारुप तयार पार्नसकिन्छ । निर्वाचन प्रणालीले सवल र संभाव्य राष्ट्रिय राजनीतिक दलहरूको विकास प्रवर्द्धन गर्न र महिला तथा क्षेत्रीय अल्पसंख्यकहरूको प्रतिनिधित्व सुनिश्चित गर्नसक्छ, र यसले खास खास उत्प्रेरणा र अवरोधहरूको रचनात्मक प्रयोग गरी विभाजित समाजमा सहयोग र मेलमिलाप गर्न इन्जिनियरको रुपमा सघाउन सक्छ भन्ने कुराले गर्दा यसले बढी मान्यता पाउँदै आएको छ ।

अत्यन्तै आधारभूत तहमा निर्वाचन प्रणालीले आम निर्वाचनमा दिइएका मतहरूलाई दल र उम्मेदवारहरूले जितेका स्थानमा रुपान्तरण गर्दछन् ।

## निर्वाचन प्रणाली के हुन्

आधारभूत तहमा भन्नुपर्दा निर्वाचन प्रणालीले आम निर्वाचनमा दिइएका मतहरूलाई दल र उम्मेदवारहरूले जितेका स्थानमा रुपान्तरण गर्दछ । प्रयोग गरिएको निर्वाचन सूत्र (अर्थात् बढीमत/बहुमत, समानुपातिक, मिश्रित वा अन्य कुन प्रणाली अपनाइएको छ र स्थान बाँडफाँडको हिसाब गर्न कुन गणितीय सूत्र प्रयोग गरिएकोछ), मतपत्रको ढाँचा (अर्थात् मतदाताले उम्मेदवारलाई वा दललाई मत दिन्छ, र मतदाताले एउटै छनौट मात्र गर्दछ वा प्राथमिकताका विभिन्न क्रमहरू व्यक्त गर्दछ) र निर्वाचन क्षेत्रको व्यापकता (एउटा क्षेत्रमा कति मतदाताहरू बस्छन भन्ने होइन कि सो क्षेत्रले व्यवस्थापिकामा कति प्रतिनिधिहरू निर्वाचित गर्दछ) भन्ने तीनवटा महत्वपूर्ण पक्षहरू मननयोग्य छन् । यस सिंहावलोकनले निर्वाचनका प्रशासनिक पक्षहरू (जस्तै मतदान केन्द्रहरूको वितरण, उम्मेदवारको मनोनयन, मतदाताहरूको दर्ता, कस-कसले निर्वाचन लड्छन आदि) मा प्रकाश नपारे तापनि यी सवालहरू पनि गम्भीर महत्वका विषयहरू हुन् र यी सवालहरूउपर ध्यान नदिएमा अवलम्बन गरिएको निर्वाचन प्रणालीका संभावित फाइदाहरूउपर बेवास्ता गरेको हुनसक्छ । निर्वाचन प्रणालीको प्रारुपले निर्वाचन सम्बन्धी कानूनका अन्य क्षेत्रहरूलाई पनि प्रभाव पार्दछ, जस्तै निर्वाचन प्रणालीको छनौटले निर्वाचन क्षेत्रको सिमाना निर्धारण गर्ने तरिकामा, मतदाताहरूको दर्ता कसरी गर्ने हो त्यसमा, मतपत्रको ढाँचामा, मतगणनाको तरिकामा, र निर्वाचन प्रक्रियाका अन्य धेरै पक्षहरूमा प्रभाव पार्दछ ।

वास्तवमा समान मत र प्रत्येक दललाई समान संख्यामा मत दिने प्रत्येक मतदाताको हकमा पनि कुन प्रणालीको छनौट गरिन्छ सो आधारमा निर्वाचनको परिणाम ज्यादै फरक हुनसक्छ, जस्तै एउटा प्रणालीको कारणले गठबन्धन सरकार वा अल्पमतको सरकार बन्नसक्छ भने अर्को प्रणालीको कारणले एक दलको बहुमतको सरकार बन्नसक्छ ।

वास्तवमा समान मत र प्रत्येक दललाई समान संख्यामा मत दिने प्रत्येक मतदाताको हकमा पनि कुन प्रणालीको छनौट गरिन्छ सो आधारमा निर्वाचनको परिणाम ज्यादै फरक हुनसक्छ ।

### निर्वाचन प्रणाली तथा दलीय प्रणाली

केही प्रणालीले राजनीतिक दलहरूको गठनलाई प्रोत्साहन गर्दछन् अझ भनौंभने सुदृढीकरण गर्दछन् भने अन्य प्रणालीले व्यक्तिगत उम्मेदवारहरूलाई मात्रै मान्यता दिन्छन् । विकसित हुने दलीय प्रणालीको किसिम, खासगरी व्यवस्थापिकामा राजनीतिक दलहरूको संख्या र सापेक्षिक आकारमा निर्वाचन प्रणालीले गहिरो प्रभाव पारेको हुन्छ । दलहरूको आन्तरिक सँगति र अनुशासनका हकमा पनि सोही कुरा लागू हुन्छ, जस्तै केही प्रणालीले, जहाँ एउटै दलका विभिन्न अङ्गहरू एक अर्काप्रति सधैं बेमेलको स्थितिमा हुन्छन्, गुटबन्दीलाई प्रोत्साहन गर्छन् । जबकि अर्को प्रणालीले दलहरूलाई

केही प्रणालीले राजनीतिक दलहरूको गठन प्रवर्द्धन समेत गर्दछन्, अन्य प्रणालीले व्यक्तिगत उम्मेदवारहरूलाई मात्रै मान्यता दिन्छन् ।

एउटै आवाज राख्न र फरक मत नराख्न प्रोत्साहित गर्नसक्छ । दलहरूले प्रचारप्रसार गर्ने तरिका तथा राजनीतिक बुझक्कडहरूले व्यवहार गर्ने तरिकामा पनि निर्वाचन प्रणालीले प्रभाव पार्नसक्ने हुँदा व्यापक राजनीतिक वातावरण निर्धारण गर्न मद्दत पुग्छ । यस्ता प्रणालीले दलहरूबीच गठबन्धन बनाउन प्रोत्साहन वा निरुत्साहन गर्न सक्छन् र यिनले दलहरू तथा समूहहरूलाई व्यापकतामा आधारित हुन वा स्वयं आफू जातीयता वा नातावादसम्बन्धी सवालमा साँघुरो दायरामा आधारित हुन उत्प्रेरणा पनि दिनसक्छन् ।

नयाँ संस्थागत संरचना वा निर्वाचनसम्बन्धी कानूनका सम्बन्धमा वार्ता गरिरहेकाहरूले सम्भव भएसम्म समावेशी हुने इच्छा राख्नसक्छन् जसबाट निर्वाचनमा प्रवेश गर्न सजिलो होस् । यसको विपरीत व्यक्तित्व वा जातीयताको राजनीतिबाट निर्देशित दलीय प्रणालीको खण्डीकरणको बारेमा प्रायः सरोकार व्यक्त गर्ने गरिन्छ । तसर्थ, वार्ताकार र प्रारुपकर्ताहरूले प्रतिनिधित्वको सीमाविन्दु (व्यवस्थापिकामा प्रतिनिधित्व गर्न दलले प्राप्त गर्नुपर्ने समर्थनको न्यूनतम सीमा) उच्च तहमा कायम गर्नचाहन्छन् । तथापि, दलहरूको बढीमतको उपलब्धता एकाधिकारवादबाट उत्पन्न भएका मुलुकहरूमा हुने निर्वाचनहरूको एउटा विशेषता हो र असफल दलहरू सामान्यतः आफैं हराउँदै जान्छन् ।

भिन्न-भिन्न निर्वाचन प्रणालीले समाजमा तनाव र द्वन्द्व चर्काउन वा शमन गर्नसक्छन् ।

### निर्वाचन प्रणाली र द्वन्द्व व्यवस्थापन

भिन्न-भिन्न निर्वाचन प्रणालीले समाजमा तनाव र द्वन्द्व चर्काउन वा कम गर्न सक्छन् । एउटा तहमा, अल्पसंख्यक समूहहरूको अधिक प्रतिनिधित्वमा ध्यान दिने प्रणाली र बलियो एक दलीय सरकार प्रोत्साहित गर्ने प्रणालीबीच तनाव विद्यमान हुन्छ । अर्को तहमा, कुनै पनि निर्वाचन प्रणाली स्वच्छ छ भनी स्वीकार नगरिएमा र राजनीतिक संरचनाले विपक्षीलाई अर्को निर्वाचनमा उसले जित्ने सम्भावना छ भनी अनुभूति गर्ने अवस्था वा वातावरण सिर्जना नगरेमा, निर्वाचनमा पराजित हुनेहरूले गैर-लोकतान्त्रिक, मुठभेडमुखी र हिंसात्मक उपायहरू समेत प्रयोग गरी प्रणाली बाहिर काम गर्न आफू बाध्य भएको महसुस गर्नसक्छन् । अन्ततोगत्वा, निर्वाचन प्रणालीको छनौटले मतदान गर्ने कार्यको सरलता वा जटिलता निर्धारण गर्ने हुँदा यसले अपरिहार्यतवरले अल्पसंख्यक र कम सुविधा प्राप्त समूहहरूमा प्रभाव पार्दछ ।

यदि कुनै निर्वाचन प्रणाली स्वच्छ छ भनी स्वीकार नगरिएमा र राजनीतिक संरचनाले विपक्षीलाई अर्को निर्वाचनमा उसले जित्ने सम्भावना छ भनी अनुभूति गर्ने अवस्था र वातावरण सिर्जना नगरेमा, निर्वाचनमा पराजित हुनेहरूले प्रणाली बाहिर काम गर्न आफू बाध्य भएको महसुस गर्नसक्छन् ।

## निर्वाचन प्रणाली प्रारुपका आधार

निर्वाचन प्रणालीको प्रारुप तयार गर्दा तपाईले के कुरा हासिल गर्न चाहनु हुन्छ, तपाईले के कुरा हटाउन चाहनु हुन्छ र, व्यापक अर्थमा, तपाईले आफ्नो व्यवस्थापिका र कार्यकारिणी सरकारलाई कस्तो भएको देख्न चाहनुहुन्छ भन्ने कुराको सार खिच्ने आधारहरूको सूचीबाट कार्य प्रारम्भ गर्नु उत्तम हुन्छ । वाञ्छित आधारहरूमध्ये केही आधारहरू दोहोरिन वा विरोधाभासपूर्ण हुनसक्छन् र कतिपय प्रतिस्पर्धी इच्छा र उद्देश्यहरूबीच सन्तुलन गर्नुपर्ने कुरा नै संस्थागत प्रारुपको प्रकृति हो ।

उदाहरणको लागि, कसैले स्वतन्त्र उम्मेदवारहरूलाई निर्वाचित हुने अवसर उपलब्ध गराउने चाहना राख्नुका साथै सबल राजनीतिक दलहरूको विकासका लागि प्रोत्साहित गर्नु पनि रहेको हुन्छ । मतदाताहरूलाई उम्मेदवारहरू र दलहरूबीच फराकिलो मात्राको छनौट दिन निर्वाचन प्रणालीले कम शिक्षित मतदाताहरूलाई कठिनाइ सिर्जना गर्ने खालको जटिल मतपत्रको व्यवस्था गर्नसक्छ । निर्वाचन

प्रणालीको छनौट गर्ने (वा सुधार गर्ने) काम भनेको अत्यन्तै महत्वपूर्ण आधारहरूलाई प्राथमिकीकरण गर्ने र त्यसपछि कुन निर्वाचन प्रणाली वा प्रणालीहरुको सम्मिश्रणले यी उद्देश्यहरूको प्राप्तिलाई अधिकाधिक रुपमा कार्यान्वयन गर्न सकिन्छ भनेर सोको मूल्यांकन गर्नुपर्छ ।

निम्नलिखित दशवटा आधारहरू कुनै समयमा एक अर्कासँग बाझिने वा आपसी रुपमै असमावेशी पनि हुनेगर्छन् । यस्ता प्रतिस्पर्धी आधारहरूमध्येबाट प्राथमिकता निर्धारण गर्ने काम संस्थागत प्रारुप तयार गर्ने प्रक्रियामा संलग्न व्यक्तिको लागि अत्यन्तै चुनौतीपूर्ण हुन्छ ।

### प्रतिनिधित्वको व्यवस्था गर्ने

प्रतिनिधित्व कम्तीमा चार किसिमबाट हुनसक्छ । पहिलो, भौगोलिक प्रतिनिधित्वले के इङ्गित गर्दछ भने प्रत्येक क्षेत्र, नगर वा सहर, प्रान्त वा निर्वाचन क्षेत्र जे भए तापनि त्यहाँ आफूले रोजेका र अन्ततोगत्वा उनीहरूका क्षेत्रप्रति जिम्मेवार व्यक्ति व्यवस्थापिकामा प्रतिनिधित्व गर्ने सदस्य हुन्छ। दोस्रो, राजनीतिक दलका प्रतिनिधिहरू मार्फत वा स्वतन्त्र प्रतिनिधिहरू मार्फत वा दुबैको सम्मिश्रणद्वारा भए पनि व्यवस्थापिकामा समाजभित्रका वैचारिक विविधताको प्रतिनिधित्व हुनसकोस् । तेस्रो, राजनीतिक दलहरूको वैचारिक आधार नभए तापनि व्यवस्थापिकामा मुलुकभित्र विद्यमान दलगत-राजनीतिक स्थितिको आधारमा प्रतिनिधित्व हुनसकोस् । आधा मतदाताहरूले कुनै एउटा दललाई मत दिंदा पनि सो दलले व्यवस्थापिकाको चुनावमा कुनै पनि स्थानमा वा मुस्किलले केही स्थान मात्र पायो भने त्यस प्रणालीले जनताको इच्छालाई राम्रोसँग प्रतिनिधित्व गरेको भन्नसकिदैन । चौथो, वर्णनात्मक प्रतिनिधित्वको अवधारणा अनुसार, व्यवस्थापिका केही मात्रामा "राष्ट्रको दर्पण" हुनुपर्छ र यसले समग्र जनतालाई प्रतिनिधित्व गर्ने ढंगले प्रतिबिम्बित वा दृष्टिगत गर्ने, महसुस गर्ने, सोच्ने र काम गर्ने गर्नुपर्दछ । पर्याप्त मात्रामा वर्णनात्मक व्यवस्थापिकाले महिला र पुरुष, युवा र प्रौढ, धनी र गरिबलाई समावेश गरेको हुन्छ। यसले समाजभित्रका विभिन्न धार्मिक संघसंस्था, भाषिक समुदाय र जातजातिका समूहहरू प्रतिबिम्बित गर्दछ ।

*सबै निर्वाचनहरू असल र राम्रा हुन्छन् । तर मतदान गर्न कठिन हुन्छ वा अन्ततः जनताको मतले मुलुकको शासन गर्ने तरिकामा कुनै फरक पार्दैन भने जनतालाई निर्वाचनको खासै अर्थ रहदैन ।*

*स्थिर र कुशल सरकारको सम्भावना निर्वाचन प्रणालीबाट मात्रै निर्धारित हुँदैन, अपितु यस तो प्रणालीको परिणामले कतिपय महत्वपूर्ण कुराहरुमा स्थायित्वका लागि योगदान दिन सक्छ ।*

### निर्वाचनलाई पहुँचयोग्य र अर्थपूर्ण बनाउने

सबै निर्वाचनहरू असल र राम्रा हुन्छन् । तर मतदान गर्न कठिन हुन्छ भने अथवा जनताको मतले मुलुकको शासन व्यवस्थामा कुनै फरक पार्दैन भने जनतालाई निर्वाचनको खासै अर्थ रहँदैन । मतपत्र कति जटिल छ, मतदान केन्द्रमा पुग्न मतदातालाई कति सहज छ, मतदाता सूची कति अद्यावधिक छ र आफ्नो मत गोप्य हुने कुरामा मतदाता कति विश्वस्त छन् आदि तत्वहरूबाट "सहज मतदान" निर्धारित हुन्छ ।

राष्ट्रिय तहको वा मतदाताको सम्बन्धित निर्वाचन क्षेत्रस्तरीय निर्वाचनको परिणामले सरकारको भावी दिशामा महत्वपूर्ण भिन्नता ल्याउने सम्भावना देखिएको अवस्थामा निर्वाचनमा सहभागिता वृद्धि हुने देखिन्छ । यदि तपाईले रोजेको उम्मेदवारले सम्बन्धित निर्वाचन क्षेत्रमा निर्वाचित हुने कुनै सम्भावना नभएको कुरा तपाईलाई लाग्छ भने यस अवस्थामा मत दिनुको अभिप्रेरणा के हुन्छ ? केही निर्वाचन प्रणालीमा खेर गएका मतहरू (अर्थात् कुनै पनि उम्मेदवारको निर्वाचनमा गणना नहुने सदर मतहरू) को संख्या कुल राष्ट्रिय मतको उल्लेखनीय अनुपातमा रहनसक्छ ।

## मेलमिलापलाई उत्प्रेरणा गराउने

निर्वाचन प्रणालीलाई शासन गर्ने निकायहरू गठन गर्ने तरिका मात्रै नभई समाजभित्र द्वन्द्व व्यवस्थापन गर्ने साधनको रुपमा पनि हेर्नसकिन्छ । कुनै परिस्थितिमा केही प्रणालीले दलहरूलाई आफ्नो खास मतप्राप्त हुने आधार क्षेत्रबाहिर निर्वाचनमा समर्थन पाउनका लागि समावेशी आव्हान गर्न प्रोत्साहित गर्दछ। उदाहरणको लागि, कुनै दलले प्राथमिक रुपमा अश्वेत जातिका मतदाताहरूबाट समर्थन प्राप्त गरे तापनि कुनै खास निर्वाचन प्रणालीले सो दललाई श्वेत वा अन्य मतदाताहरूलाई पनि समावेशी हुन आव्हान गर्न उत्प्रेरणा दिनसक्छ । अतः सो दलको नीतिगत मैदान कम विभाज्य र कम असमावेशी तथा बढी एकीकरणमुखी र समावेशी हुनसक्छ। निर्वाचन प्रणालीका त्यस्तै उत्प्रेरणाहरूले दलहरूलाई जातिगत, क्षेत्रीय, भाषिक वा सैद्धान्तिक रुपमा कम असमावेशी बनाउनसक्छ।

यसको अर्को पक्षबाट हेर्दा, निर्वाचन प्रणालीले मतदाताहरूलाई आफ्नै समूह बाहिर पनि हेर्न र विगतदेखि भिन्न समूहको प्रतिनिधित्व गर्दै आएका दलहरूलाई मत दिने सोच बनाउन प्रोत्साहित गर्नसक्छ । यसरी मतदान गर्ने व्यवहारले एक आपसमा मिलन र समुदाय निर्माणतर्फ उन्मुख गराउंछ । मतदाताले एक भन्दा बढी मत दिनपाउने वा उम्मेदवारहरूलाई प्राथमिकताका आधारमा मत दिनपाउने व्यवस्था गर्ने निर्वाचन प्रणालीमा मतदाताहरूलाई पूर्वाग्रही धारणाको सामाजिक सीमा नाघेर जाने बाटो दिन्छ।

## स्थिर र कुशल सरकारलाई सहज बनाउने

स्थिर र कुशल सरकारको संभाव्यता निर्वाचन प्रणालीबाट मात्रै निर्धारित हुंदैन । अपितु कुनै प्रणालीको परिणामले विभिन्न महत्वपूर्ण कुराहरूमा स्थिरताका लागि योगदान दिनसक्छ । मतदाताहरूको विचारमा सो प्रणाली स्वच्छ छ छैन, सरकारले दक्षतापूर्वक कानून बनाउन र शासन गर्नसक्छ सक्दैन, र सो प्रणालीले कुनै खास दलहरू वा हित समूहहरू विरुद्ध हुने भेदभाव हटाउँछ हटाउँदैन भन्ने कुरा मूल प्रश्नहरू हुन्।

*सम्भव भएसम्म कुनै पनि प्रणालीले सबै दल र उम्मेदवारहरूप्रति निर्वाचनका सम्बन्धमा निष्पक्ष ढंगले व्यवहार गर्नु पर्दछ । यसले कुनै पनि र ाजनीतिक समूहप्रति खुला रुपमा भेदभाव गर्नुहुँदैन ।*

प्रचलित सरकारले दक्षतापूर्वक कानून बनाउन सक्छ, सक्दैन भन्ने प्रश्न आंशिक रुपमा यसले व्यवस्थापिकामा कामचलाउ बहुमत जुटाउन सक्छ वा सक्दैन भन्ने प्रश्नसँग सम्बन्धित देखिन्छ, र यो कुरा अन्ततः निर्वाचन प्रणालीसँग गाँसिएको हुन्छ । अनुभव वा अभ्यासबाट निस्सृत सामान्य तर विश्वव्यापी भने भइनसकेको नियमको आधारमा भन्नुपर्दा, बढीमत/बहुमत निर्वाचन प्रणालीले त्यस्तो व्यवस्थापिका सिर्जना गर्ने बढी सम्भावना हुन्छ, जहाँ एउटा दलले सबै विपक्षीहरूले पाएको मतभन्दा बढी मत पाउनसक्छ, जबकि समानुपातिक प्रतिनिधित्व प्रणालीले गठबन्धन सरकारतर्फ लैजाने सम्भावना बढी हुन्छ।

*लोकतन्त्रमा निर्वाचन सम्बन्धी राजनीति असमान खेल मैदान हो भन्ने सोचले राजनीतिक व्यवस्था कमजोर छ र अस्थिरता धेरै टाढा नहुनसक्छ भन्ने कुराको संकेत हो ।*

सम्भवभएसम्म कुनै पनि प्रणालीले सबै दल र उम्मेदवारहरूप्रति निर्वाचनका सम्बन्धमा निष्पक्ष ढङ्गले व्यवहार गर्नुपर्दछ। यसले कुनै पनि राजनीतिक समूहविरुद्ध खुला रुपमा भेदभाव गर्नुहुँदैन। लोकतन्त्रमा निर्वाचनसम्बन्धी राजनीति असमान खेल मैदान हो भन्ने सोचले राजनीतिक व्यवस्था कमजोर छ र अस्थिरता धेरै टाढा छैन भन्ने कुराको संकेत गर्दछ।

## सरकारलाई जवाफदेही बनाउने

जवाफदेहिता प्रतिनिधिमूलक सरकारको एक मुख्य आधारस्तम्भ हो । यसको अभावले वास्तवमै दीर्घकालीन अस्थिरतातर्फ डोऱ्याउनसक्छ। जनतालाई सेवा प्रवाह

गर्न असफल हुने सत्तामा रहेका दललाई हटाई दलहरूको गठबन्धनमा परिवर्तन गरेर सरकारको आकारमा प्रभाव पार्न मतदाताहरू सक्षम हुनुपर्दछ । उपयुक्त किसिमले निर्माण गरिएको निर्वाचन प्रणालीले यस उद्देश्यलाई पूर्ण गर्न सहज तुल्याउँछ ।

### व्यक्तिगत प्रतिनिधिलाई जवाफदेही बनाउने

व्यक्तिगत स्तरमा जवाफदेहिता भनेको निर्वाचित भएपछि निर्वाचन अभियानको दौरानमा आफूले गरेको प्रतिज्ञा भंग गर्ने वा पदीय कर्तव्य पालनमा असक्षमता वा आलस्यता प्रदर्शन गर्ने प्रतिनिधिउपर प्रभावकारी ढंगले नियन्त्रण राख्ने तथा “बदमाशहरूलाई बाहिर फ्याँक्ने” निर्वाचक समूहको क्षमता हो । केही निर्वाचन प्रणालीले दरो राष्ट्रिय दलबाट मनोनित उम्मेदवारहरूको भूमिकामा भन्दा स्थानीय रुपमा लोकप्रिय उम्मेदवारहरूको भूमिकामा जोड दिन्छ। बढीमत/बहुमत प्रणालीलाई परम्परादेखि नै असन्तुष्ट प्रतिनिधि विशेषलाई हटाउने मतदाताहरूको सक्षमता अधिकाधिक बनाउने प्रणालीको रुपमा हेरिएको सन्दर्भमा यो तर्क त्यहाँ झिनो हुनपुग्छ जहाँ मतदाताहरूले प्राथमिक रुपमा उम्मेदवारहरूलाई भन्दा दलहरूलाई रोज्दछन् । यहीबेला, समानुपातिक प्रणालीको सन्दर्भमा, “खुला सूची” प्रणालीले मतदाताहरूले उम्मेदवारहरूबीच आफ्नो प्राथमिकता मतपत्रमा संकेत गरी उम्मेदवारको छनौट गर्न पाउने व्यवस्था गर्नसक्छ ।

### राजनीतिक दलहरूलाई प्रोत्साहित गर्ने

स्थापित र नयाँ लोकतान्त्रिक मुलुकहरूबाट प्राप्त प्रमाणभारले के सुझाव दिन्छ भने दीर्घकालीन प्रजातान्त्रिक सुदृढीकरण अर्थात् लोकतान्त्रिक शासन व्यवस्थालाई राजनीतिक व्यवस्थाको स्थिरताको लागि आन्तरिक चुनौतीहरूबाट कति हदसम्म पृथक राख्न सकिन्छ सो हदका लागि सशक्त र प्रभावकारी राजनीतिक दलहरूको वृद्धि गर्नु र निर्वाह गर्नु आवश्यकपर्दछ, यस प्रकार निर्वाचन प्रणालीले दलीय विखण्डनको पृष्ठपोषण वा प्रवर्द्धन गर्नुको सट्टा त्यस्तो वृद्धि र निर्वाह गर्नुपर्ने कुरालाई प्रोत्साहित गर्नुपर्छ । खासगरी सानो वा न्यूनतम तहको समर्थन पाउने दलहरूलाई बाहेक गर्ने गरी निर्वाचन प्रणालीको तर्जुमा गर्न सकिन्छ । व्यक्तिगत रुपमा राजनीतिक नेताहरूको लागि एउटा साधनको रुपमा रहेको दलहरूको भूमिकाको विकास एउटा अर्को प्रवृत्ति हो जसलाई निर्वाचन प्रणालीको प्रारुप सम्बन्धी निर्णयले सहज बनाउन वा अवरुद्ध गर्नसक्दछ ।

### विधायिकी प्रतिपक्ष र निगरानी प्रवर्द्धन गर्ने

निर्वाचन प्रणालीले सम्भाव्य विपक्षी समूहको उपस्थिति सुनिश्चित गर्नुपर्दछ ।

प्रभावकारी शासन व्यवस्थाका निम्ति सत्तामा भएकाहरूमा मात्रै नभई उनीहरूको विपक्षमा रहने र निगरानी गर्नेहरूमा पनि उत्तिकै निर्भर हुन्छ । निर्वाचन प्रणालीले संभाव्य विपक्षी समूहको उपस्थिति सुनिश्चित गर्नुपर्दछ, जसले कानूनलाई आलोचनात्मक रुपमा मूल्यांकन गर्न, कार्यकारिणीको काममा प्रश्न उठाउन, अल्पसंख्यकको अधिकार सुरक्षित गर्न र आफ्ना निर्वाचन क्षेत्रहरूको प्रभावकारी ढंगले प्रतिनिधित्व गर्नसक्छ। विपक्षी समूहहरू प्रभावकारी हुनको लागि पर्याप्त प्रतिनिधिहरू हुनुपर्दछ (मतका आधारमा उनीहरूको कार्य सम्पादनले यस कुरालाई पुष्टिगर्छ भन्ने अनुमानमा) र संसदीय व्यवस्थामा उनीहरूले वर्तमान सरकारको बदलामा यथार्थपरक विकल्प प्रस्तुत गर्नसक्नुपर्दछ । विपक्षीको शक्ति निर्वाचन प्रणालीको छनौटका अतिरिक्त अन्य धेरै तत्वहरूमा निर्भर हुने हुँदा निर्वाचन प्रणाली स्वयंले विपक्षीलाई निस्तेज वनाएमा प्रजातान्त्रिक शासन स्वाभाविक रुपमै कमजोर हुनपुग्छ।

वर्तमान समयमा निर्वाचन प्रणालीका थुप्रै प्रारुप अन्तर्राष्ट्रिय अनुबन्ध, सन्धिहरू र राजनीतिक सवालहरूलाई प्रभाव पार्ने अन्य किसिमका कानूनी दस्तावेजहरूका सन्दर्भमा निर्माण गरिन्छ ।

निर्वाचन प्रणालीले "जित्नेले सबै लिन्छ" भन्ने प्रवृत्तिमाथि रोक लगाउनुपर्दछ, किनकि यस्तो प्रवृत्तिले शासकहरूलाई अरुको विचार र विपक्षी मतदाताहरूको आवश्यकता र इच्छाप्रति अन्धो बनाउँछ र निर्वाचन तथा सरकार दुबैलाई नै शून्य हिसाबको प्रतिस्पर्धाको रुपमा हेर्दछ ।

राष्ट्रपति शासन प्रणालीमा, राष्ट्रपतिलाई पर्याप्त विधायकहरूको भरपर्दो समर्थन आवश्यक पर्दछ । तथापि, सरकारी व्यवस्थापकीय प्रस्तावहरूको विरोध जनाउने र सोको छानविन गर्ने काममा अरुहरूको भूमिका पनि त्यत्तिकै महत्वपूर्ण हुन्छ । व्यवस्थापिका र कार्यपालिका बीचको शक्ति पृथकीकरणले कार्यकारिणी उपर निगरानी राख्ने कार्य विपक्षी सदस्यहरूलाई मात्रै नभई सबै विधायकहरूलाई सुम्पेको हुन्छ । यसले दलहरू र तिनीहरूका निर्वाचित सदस्यहरू बीचको सम्बन्धको साथसाथै राजनीतिक दल र उम्मेदवारहरूको सापेक्षिक महत्वमा सरोकार राख्ने निर्वाचन प्रणालीका तत्वहरूउपर विशेष ध्यान दिनु जरुरी हुन्छ ।

### निर्वाचन प्रकृयालाई दिगो बनाउने

कुनै पनि निर्वाचन प्रणालीको छनौट केही लागत र प्रशासनिक क्षमतामा निर्भर हुन्छ । दिगो राजनीतिक संयन्त्रले निर्वाचन सम्बन्धी प्रशासक हुने सीप भएका मानवस्रोतको उपलब्धताको सन्दर्भ र राष्ट्रिय बजेटप्रतिको वित्तीय मागको सन्दर्भ दुबैमा मुलुकका स्रोतहरूलाई मध्यनजर राख्दछ । तथापि, अल्पकालको सरलता दीर्घकालीन रुपमा सदैव लागत प्रभावी नहुनसक्छ । प्रारम्भमा प्रशासन गर्न केही बढी खर्च लाग्ने र बुझ्न बढी कठिन खालको देखिने प्रणालीले दीर्घकालमा मुलुकको स्थायित्व र लोकतान्त्रिक सुदृढीकरणको सकारात्मक दिशा सुनिश्चित गर्न सहयोग गर्नसक्छ ।

### 'अन्तर्राष्ट्रिय मापदण्डहरू' लाई ध्यान दिने

अन्त्यमा, वर्तमान समयमा निर्वाचन प्रणालीको प्रारुप निर्धारण गर्दा थुप्रै अन्तर्राष्ट्रिय अनुबन्ध, सन्धिहरू र राजनीतिक सवालहरूलाई प्रभाव पार्ने अन्य किसिमका कानूनी दस्तावेजहरूका सन्दर्भले समेत स्थान लिन्छ । निर्वाचनका लागि विश्वव्यापी रुपमा स्वीकृत अन्तर्राष्ट्रिय मापदण्डहरू पूर्ण नभएको हुनाले त्यस्ता मापदण्डहरूले विश्वव्यापी बालिग मताधिकार, मतको गोपनियता, बल प्रयोग विरुद्ध मुक्तिको प्रत्याभूति दिने स्वतन्त्र, निष्पक्ष र आवधिक निर्वाचनका सिद्धान्तहरू र एक व्यक्ति एक मतको प्रतिबद्धता समेत समावेश गर्नुपर्ने कुरामा आम सहमति छ । निर्वाचन प्रणालीबाट असर पार्न सबै नागरिकहरूको उचित प्रतिनिधित्व, महिला र पुरुष बीचको समानता, अल्पसंख्यकको अधिकार, अपाङ्गहरूको हकमा विशेष व्यवस्था आदि जस्ता महत्वपूर्ण सवालहरूले पनि बढ्दो मान्यता पाइरहेका छन् । यी विषयहरूलाई सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणापत्र र १९६६ को नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा औपचारिक रुप दिइएको छ ।

*जुन प्रकृयाबाट कुनै पनि निर्वाचन प्रणालीको प्रारुप तय गरिन्छ सो प्रक्रियाले त्यसबाट उत्पन्न हुने प्रणालीको किसिम, राजनीतिक अवस्थाका लागि यसको उपयुक्तता, र यसले अन्ततोगत्वा पाउने वैधता र जनसमर्थनको मात्राले ठूलो असर पार्दछ ।*

## बहस र परिवर्तनको प्रकृया

जुन प्रकृयाबाट कुनै पनि निर्वाचन प्रणालीको प्रारुप तयार गरिन्छ सो प्रक्रियाले त्यसबाट उत्पन्न हुने प्रणालीको किसिम, राजनीतिक अवस्थाका लागि यसको उपयुक्तता, र यसले अन्ततोगत्वा पाउने वैधता र जनसमर्थनको मात्राले ठूलो असर

पार्दछ । निर्वाचन प्रणालीको प्रारुपका केही मुख्य प्रश्नहरू हुन्: सुधार र संशोधनका लागि राजनीतिक र कानूनी संयन्त्रमा के कस्ता प्रकृयाहरू अन्तरनिहित छन् ? प्रस्तावित नयाँ वा संशोधित प्रणालीलाई वैधताप्राप्त प्रणालीको रुपमा स्वीकार गरिएको कुरा सुनिश्चित गर्न छलफल र संवादको के कस्तो प्रक्रिया आवश्यक छ ? परिवर्तनको बारेमा निर्णय गरिसकेपछि यसलाई कसरी कार्यान्वयन गरिन्छ ?

**कानूनी संयन्त्र, संवाद र सुधार तथा संशोधनको कार्यान्वयन**

निर्वाचन प्रणाली मुलुकको शासन प्रणाली (काम गर्ने तरिकामा प्रभाव पार्ने अत्यन्तै महत्वपूर्ण संस्था भए तापनि विगतमा यसलाई संविधान, जुन कानूनको सर्वोच्च स्रोत हो) मा औपचारिक रुपमा निर्दिष्ट गरिएको पांइदैन । तर हालैका वर्षहरूमा यसमा परिवर्तन हुन थालेको छ । साधारण कानूनको तुलनामा संवैधानिक व्यवस्थाहरूमा संशोधन गर्न प्रायः बढी कठिन हुन्छ र यसका लागि प्रायः व्यवस्थापिकाको विशेष बहुमत, राष्ट्रिय जनमतसँग्रह, वा अन्य केही निश्चित गर्ने संयन्त्रको आवश्यकपर्दछ, जसले त्यस्ता प्रणालीलाई  सजिलै फेरबदल गर्नबाट रोक्दछ ।

तथापि, निर्वाचन प्रणालीका विस्तृत व्यवस्थाहरू अझै पनि बढी मात्रामा साधारण कानूनमा समाविष्ट गर्ने गरिएको पाइन्छ जसले गर्दा यस्ता व्यवस्थाहरू व्यवस्थापिकाको साधारण बहुमतबाट संशोधन गर्नसकिन्छ । यसबाट प्रणालीलाई जनमत र राजनीतिक आवश्यकतामा आउने परिवर्तनप्रति बढी जवाफदेही बनाउने कुरामा फाइदा हुनसक्छ, तर यसबाट व्यवस्थापिकाको बहुमतले एकपक्षीय ढंगले आफूलाई राजनीतिक फाइदा हुनेगरी निर्वाचन प्रणाली परिवर्तन गर्ने खतरा समेत रहन्छ ।

निर्वाचन प्रणालीले नयां राजनीतिक, जनसांख्यिक र व्यवस्थापकीय प्रबृत्ति र आवश्यकताहरूलाई पर्याप्त मात्रामा सम्बोधन गर्ने हो भने तिनीहरू समयसापेक्ष हुँदै जानुपर्दछ । तथापि, कुनै प्रणाली एकपटक लागू भएपछि यसबाट फाइदा लिनेहरूले परिवर्तनलाई प्रतिरोध गर्ने प्रवल सम्भावना हुन्छ । अपरिपक्व अवस्थाबाट आउने परिवर्तनबाट मौलिक सुधारभन्दा भविष्यमा सीमान्त परिवर्तन हुने सम्भावना बढी हुन्छ । तसर्थ, शुरुदेखि नै निर्वाचन प्रणालीलाई सम्भव भएसम्म निकट बनाउनु उपयुक्त हुन्छ ।

कुनै खास निर्वाचन प्रणालीको संभावित असर बुझ्ने जनताको संख्या सामान्यतया ठूला-अभिजात्य वर्गको वृत्त र समाज दुबैमा ज्यादै सीमित हुनसक्छ । व्यवहारमा निर्वाचन प्रणालीको संचालन स्पष्टतः स-साना कार्यविधिगत पक्षमा अत्यधिक मात्रामा निर्भर हुनसक्ने तथ्यले यसलाई अझ बढी जटिल बनाउँछ । विस्तृत कानूनी व्यवस्थाको माध्यमबाट पूर्ण रुपमा काम गर्न र ती व्यवस्थाहरूलाई व्याख्या गर्न तथा, उदाहरणको लागि निर्वाचन क्षेत्रसम्बन्धी प्रस्तावको आकार र प्रभाव वा राजनीतिक दलहरूको प्रतिनिधित्वमा पर्नसक्ने संभाव्य असर देखाउनको निम्ति प्राविधिक आंकलन गर्नु र उदाहरणहरू प्रस्तुत गर्नु उपयोगी हुन्छ । सबै आकस्मिकताहरू समेटिएको छ भन्ने कुरा सुनिश्चित गर्न र स्पष्टतः असम्भव परिणामहरूको मूल्यांकन गर्न पनि प्राविधिक उदाहरणहरू प्रस्तुत गर्नसकिन्छ । संकट उत्पन्न भई सकेपछि भन्दा राजनीतिक परिवर्तन प्रवर्द्धन हुँदाका बखतनै प्रश्नहरूको उत्तर खोज्नु उत्तम हुन्छ ।

मतदाताको संलग्नता सम्बन्धी कार्यक्रमहरू, उदाहरणको लागि संभाव्य नयाँ प्रणाली अन्तर्गत नमुना निर्वाचनहरूमा भाग लिन सर्वसाधारण जनतालाई आव्हान गर्ने कार्यक्रमले सञ्चारको ध्यान आकर्षित गर्न र नयां  प्रस्तावहरूसँग हेलमेल

*निर्वाचन प्रणालीले नयाँ राजनीतिक, जनसांख्यिक र व्यवस्थापकीय प्रवृत्ति र आवश्यकतालाई पर्याप्त मात्रामा सम्बोधन गर्ने हो भने तिनीहरू समयसापेक्ष हुँदै जानुपर्दछ ।*

*संकट उत्पन्न भई सकेपछि भन्दा परिवर्तन प्रवर्द्धन गर्दाका बखत नै प्रश्नहरूको उत्तर दिनु उत्तम हुन्छ ।*

*निर्वाचन प्रणालीमा व्यापक एवं विस्तृत भिन्नता पाइन्छ । तापनि यिनीहरूलाई १२ वटा मुख्य प्रणालीमा विभाजन गर्नसकिन्छ ।*

*यी प्रणालीमध्ये अधिकांश प्रणाली तीनवटा मुख्य परिवार वर्गभित्र पर्दछन् बढीमत/बहुमत प्रणाली, समानुपातिक प्रणाली र मिश्रित प्रणाली ।*

*बढीमत/बहुमत प्रणालीको सिद्धान्त सरल छ । मत गणना भएपछि बढी मत पाउने उम्मेदवार वा दलहरूलाई विजयी घोषित गरिन्छ ।*

बढाउनसक्छ । यस्ता कार्यक्रमले नयां प्रणालीबाट उत्पन्न हुनसक्ने समस्याहरू, उदाहरणको लागि मतपत्रका सम्बन्धमा मतदाताको कठिनाइलाई पहिचान गर्न पनि मद्दत गर्नसक्छन् ।

नयाँ प्रणालीले कसरी काम गर्दछ भन्ने कुरा सबै सहभागीहरूलाई बताउने सघन मतदाता शिक्षा कार्यक्रमहरूबाट र प्रयोगकर्ता-मैत्री कार्यान्वयन नियमावलीको ढाँचा र सोसम्बन्धी सहमतिबाट मात्रै परिवर्तनको प्रकृया पूर्ण हुन्छ । अत्यन्तै प्रभावकारी मतदाताको लागि दिइने शिक्षा र निर्वाचन प्रशासकको लागि दिइने शिक्षाका लागि समय लाग्छ। तर नयाँ प्रणाली अन्तर्गत निर्वाचन गराउन निर्वाचन आयोगलाई प्रायः छोटो समय उपलब्ध हुन्छ। अन्तिम सहमतिमा पुग्नु अघि सबै कुशल वार्ताकारहरूले समयको दबाब प्रयोग गर्दछन् र जब नयाँ निर्वाचन प्रणाली नै राजनीतिकर्ताहरूबीच हुने कठोर वार्ताको उपज हुन्छ तब यो कुरा विशेषतः सत्य हुन्छ । जे भए तापनि एउटा बुद्धिमत्तापूर्ण निर्वाचन आयोगलाई यथासम्भव चाँडो र सम्भव भएसम्मको तयारी गर्नु आवश्यक देखिन्छ ।

## निर्वाचन प्रणालीको छनौट

नयाँ निर्वाचन प्रणालीमा हासिल गर्नुपर्ने महत्वपूर्ण लक्ष्यहरू र हटाउनुपर्ने गम्भीर अवगुणहरूका बारेमा निर्णय गरिसकेपछि यी लक्ष्यहरू हासिल गर्न सघाउने काममा प्रयोग गर्न सकिने निर्वाचन प्रणालीका प्रारुप सम्बन्धी औजारहरूको समूह नै उपलब्ध छन् । यी औजारहरूमा, अन्य कुराका अतिरिक्त, निर्वाचन प्रणालीको किसिम र परिवार, निर्वाचन क्षेत्रको व्यापकता, राजनीतिक दल र उम्मेदवारहरूको सापेक्षिक भूमिका, मतपत्रको ढाँचा, निर्वाचन क्षेत्र सीमा निर्धारण गर्ने कार्यविधि, मतदातासूची दर्ता संयन्त्र, निर्वाचनको समय तालिका र समन्वय तथा कोटा तथा अन्य विशेष व्यवस्थाहरू समेत समावेश हुन्छन् । यी औजारहरूले भिन्न-भिन्न सम्मिश्रणमा भिन्न-भिन्न किसिमले काम गर्छन् । यहाँ के कुरामा पुनः जोड दिन उपयुक्त हुन्छ भने शून्यमा लाद्न सकिने एकल "सही समाधान" कदापि उपलब्ध हुँदैन ।

निर्वाचन प्रणालीमा व्यापक एवं विस्तृत भिन्नता पाइन्छ, तापनि यिनीहरूलाई १२ वटा मुख्य प्रणालीमा विभाजन गर्नसकिन्छ । यी प्रणालीमध्ये अधिकांश प्रणाली तीनवटा साधारण परिवारभित्रपर्दछन् जस्तै बढीमत/बहुमत प्रणाली, समानुपातिक प्रणाली र मिश्रित प्रणाली । मे २००५ मा प्रकाशित ***निर्वाचन प्रणालीको प्रारुप : अन्तर्राष्ट्रिय आइडीइएको नयाँ हाते पुस्तकमा*** यी सबै प्रणालीको बारेमा सविस्तार वर्णन गरिएको छ ।

सामान्यतया अन्य प्रणालीको तुलनामा पाँचवटा प्रणाली बढी प्रयोगमा रहेको पाइन्छ । यी प्रणाली हुन् : पहिलो हुने निर्वाचित हुने र दुई चरण प्रणाली, जुन बढीमत/बहुमत प्रणालीको परिवारभित्र पर्दछ, सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व, जुन समानुपातिक प्रतिनिधित्व प्रणाली परिवारभित्र पर्दछ, र मिश्रित सदस्य समानुपात र समानान्तर, जुन मिश्रित प्रणाली परिवारभित्र पर्दछन् ।

### बढीमत/बहुमत प्रणाली

बढीमत/बहुमत प्रणालीको सिद्धान्त सरल छ। खसेको मत गणना भएपछि बढी मत पाउने उम्मेदवार वा दलहरूलाई विजयी घोषित गरिन्छ (थप शर्तहरू पनि तोकिएका हुनसक्छन्) । तर व्यवहारमा यो हासिल गरिने तरिका व्यापक रुपमा फरक छ ।

पहिलो हुने निर्वाचित हुने बढीमत/बहुमत निर्वाचन प्रणालीको सबैभन्दा सरल रुप हो । सदर वैध मतहरूको पूर्ण बहुमत नभए तापनि जुन उम्मेदवारले अन्य कुनै पनि उम्मेदवारले भन्दा बढी मत पाउँछ त्यही उम्मेदवारनै विजयी हुन्छ । यस प्रणालीले एक सदस्य निर्वाचन क्षेत्र प्रयोग गर्दछ र मतदाताहरूले राजनीतिक दलहरूलाई नभै उम्मेदवारहरूलाई मत दिन्छन् ।

दुई चरण प्रणाली यस्तो बढीमत/बहुमत प्रणाली हो जहाँ पहिलो चरणको निर्वाचनमा कुनै पनि उम्मेदवारले तोकिएको संख्याको मत, सामान्यतः पूर्ण बहुमत (५० प्रतिशत जोड १), प्राप्त गर्न नसकेमा दोस्रो चरणको निर्वाचन गरिन्छ। दुई चरण प्रणालीले बहुमत/बढीमत ढाँचा लिनसक्छ जहाँ दुईभन्दा बढी उम्मेदवारले दोस्रो चरणको निर्वाचनमा प्रतिस्पर्धा गर्दछन् र दोस्रो चरणमा उनीहरूले पूर्ण बहुमत प्राप्त गरेको वा नगरेको जे भए तापनि, उच्चतम संख्यामा मत पाउने उम्मेदवार निर्वाचित हुन्छन् अथवा जहाँ पहिलो चरणमा सबैभन्दा बढी मत ल्याउने दुई उम्मेदवारहरू मात्रै दोस्रो चरणमा प्रतिस्पर्धा गर्दछन्, त्यहाँ बहुमत प्रणाली अगाडि हुन्छ ।

एउटा दलले प्राप्त गरेको मतको हिस्सालाई व्यवस्थापिकामा सोही अनुपातका स्थानहरूमा परिणत गर्ने गरी समानुपातिक प्रतिनिधित्व प्रणालीको प्रारुप होसियारीपूर्वक तयार गरिएकोहुन्छ ।

खासगरी मतदाता र निर्वाचित सदस्यहरूबीच सम्बन्ध र निर्वाचन परिणामको समग्र समानुपातको बलमा समानुपातिक प्रतिनिधित्व प्रणाली व्यवहारमा कसरी सञ्चालित हुन्छ यी विभिन्न किसिमका निर्धारण गर्ने मुख्य तत्व निर्वाचन क्षेत्रको व्यापकता हो ।

**समानुपातिक प्रतिनिधित्व प्रणाली**

एउटा दलले प्राप्त गरेको मतको हिस्सालाई व्यवस्थापिकामा सोही अनुपातका स्थानहरूमा परिणत गर्ने गरी समानुपातिक प्रतिनिधित्व प्रणालीको होसियारीपूर्वक प्रारुप तयार पारिएको हुन्छ । समानुपातिक प्रतिनिधित्वका लागि एक भन्दा बढी सदस्य भएको निर्वाचन क्षेत्रहरूको प्रयोग गर्नुपर्दछ। एउटै निर्वाचनमा निर्वाचित एकल स्थानलाई समानुपातिक ढंगले विभाजन गर्न सम्भव हुँदैन । केही मुलुकहरूमा सिँगो मुलुकलाई एउटा वहुसदस्यीय निर्वाचन क्षेत्रको रुपमा लिइन्छ । अन्य मुलुकहरूमा निर्वाचन क्षेत्र प्रान्तहरूको आधारमा तय गरिन्छ अथवा त्यहाँ निर्वाचन क्षेत्रहरूको निश्चित दायरा तोकिएको हुन्छ, र निर्वाचन आयोगलाई त्यस्ता निर्वाचन क्षेत्रहरू निर्धारण गर्ने जिम्मेवारी दिइन्छ ।

एउटा क्षेत्रबाट निर्वाचित हुने प्रतिनिधिहरूको संख्या जति उच्च हुन्छ र व्यवस्थापिकामा प्रतिनिधित्वको लागि आवश्यक सीमाविन्दु जति कम हुन्छ निर्वाचन प्रणाली पनि त्यति बढी समानुपातिक हुन्छ र स-साना अल्पसंख्यक दलहरूले प्रतिनिधित्व प्राप्त गर्ने सम्भावना पनि त्यति नै बढी हुन्छ ।

सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीमा प्रत्येक दल वा समूहले बहु-सदस्यीय निर्वाचन क्षेत्रका लागि उम्मेदवारहरूको सूची प्रस्तुत गर्दछ, मतदाताहरूले दललाई मत दिन्छन् र दलहरूले आफूले प्राप्त गरेको मतको समग्र हिस्साको अनुपातमा स्थान प्राप्त गर्दछन् । "बन्द सूची" प्रणालीमा विजेता उम्मेदवारहरूलाई सूचीमा भएका उनीहरूको स्थितिको क्रमानुसार सूचीहरूबाट लिइन्छ । खुला सूची प्रणालीमा मतदाताहरूले व्यक्तिगत प्राथमिकता अंकित गरी उम्मेदवारहरूको क्रममा प्रभाव पार्नसक्छन् ।

उम्मेदवारको छनौटमा मतदाताहरूलाई खुला सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीले अधिकतम स्वतन्त्रता दिने वान्छनीय हुँदा त्यसले कम अप्रत्यक्ष प्रभाव पनि पार्नसक्छ । एउटै दलभित्रका उम्मेदवारहरूले सशक्त ढंगले मत प्राप्त गर्नका लागि एक अर्कासँग प्रतिस्पर्धा गर्नेहुनाले खुला सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीले आन्तरिक दलगत द्वन्द्व र विखण्डनतर्फ लैजान सक्छ । यसको अर्थ यो पनि हुनसक्छ कि उम्मेदवारहरूको विविध पाटोको चित्रण गर्ने सूची बनाइराख्दा दललाई पुग्ने संभाव्य फाइदाहरू उल्टिन पनि सक्छन् ।

खासगरी मतदाताहरू र निर्वाचित सदस्यहरू बीचको सम्बन्ध र निर्वाचन परिणामको समग्र समानुपातिकको वलमा समानुपातिक प्रतिनिधित्व प्रणाली व्यवहारमा कसरी संचालित हुन्छ भन्ने कुरालाई विभिन्न किसिमले निर्धारण गर्ने मुख्य तत्व निर्वाचन क्षेत्रको व्यापकता हो ।

धेरै मुलुकहरूमा निर्वाचन क्षेत्रको निर्धारण गर्दा प्रशासनिक क्षेत्रको पूर्वावस्था, सम्भवतः राज्य वा प्रान्तिय सीमाहरूको आधारमा गर्ने गरिन्छ, जसको अर्थ यस्ता क्षेत्रको आकारमा फराकिलो अन्तर हुनसक्छ । तर, यस अवधारणाले निर्वाचनका लागि थप सीमा निर्धारण गर्नुपर्ने आवश्यकता हटाउनुको साथै निर्वाचन क्षेत्रहरूलाई विद्यमान पहिचान र स्वीकार गरिएका समुदायहरूसँग आबद्ध गर्न सम्भव पनि बनाउँछ ।

एउटा निर्वाचन क्षेत्रमा एउटा दलबाट एउटा मात्र उम्मेदवार निर्वाचित हुन्छ भने सो उम्मेदवार पक्कै पनि पुरुष र सो जिल्लाका बहुसंख्यक जातिगत वा सामाजिक समूहको सदस्य हुनसक्छ । दुई वा दुईभन्दा बढी निर्वाचित भएमा राजनीतिक दलहरूबाट दिइएका सन्तुलित टिकटले बढी प्रभाव पार्न सक्छन्, जसबाट महिला र अल्पसंख्यक उम्मेदवारहरू बढी संख्यामा सफल हुने सम्भावना रहन्छ । ठूला निर्वाचन क्षेत्रहरू (सात वा सो भन्दा बढी स्थान भएका) र तुलनात्मक रुपमा सानो संख्यामा भएका दलहरूले यस प्रकृयालाई सघाउँछन् ।

सबै निर्वाचन प्रणालीमा प्रतिनिधित्वको सीमाविन्दु हुन्छ, अर्थात् त्यहाँ प्रतिनिधित्व हासिल गर्न एउटा दललाई आवश्यक पर्ने समर्थनको न्यूनतम सीमा तोकिएको हुन्छ । यस्तो सीमाविन्दु कानून बमोजिम तोक्न सकिन्छ (औपचारिक सीमाविन्दु) वा निर्वाचन प्रणालीको गणितीय विषयको रुपमा रहनसक्छ (प्रभावकारी वा प्राकृतिक विन्दुको रुपमा सीमाविन्दु) । औपचारिक सीमाविन्दु समानुपातिक प्रतिनिधित्व प्रणाली परिभाषित गर्ने संवैधानिक वा कानूनी व्यवस्थामा तोकिएको हुन्छ । प्रभावकारी वा प्राकृतिक सीमाविन्दु प्रणालीका विशेषताको गणितीय सह-उपजको रुपमा सिर्जित हुन्छ जसमा क्षेत्रको व्यापकता सबैभन्दा बढी महत्वपूर्ण हुन्छ । उदाहरणको लागि, समानुपातिक प्रतिनिधित्व प्रणाली लागू गरिएको चारवटा स्थान सहितको निर्वाचन क्षेत्रमा २० प्रतिशत भन्दा बढी मत प्राप्त गर्ने कुनै पनि उम्मेदवार निर्वाचित हुनेछ, र करिब १० प्रतिशतभन्दा कम मत (दलहरू, उम्मेदवारहरू र मतको विन्यासको आधारमा वास्तविक अंक फरक फरक हुनसक्छ) प्राप्त गर्ने कुनै पनि उम्मेदवार निर्वाचित हुने सम्भावना रहँदैन ।

मिश्रित निर्वाचन प्रणालीले बढीमत/बहुमत प्रणाली र समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली दुबैका सकारात्मक पक्षहरूलाई सम्मिश्रण गर्ने प्रयत्न गर्दछ ।

## मिश्रित प्रणाली

मिश्रित निर्वाचन प्रणालीले बढीमत/बहुमत प्रणाली र समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली दुबैका सकारात्मक पक्षहरूलाई सम्मिश्रण गर्ने प्रयत्न गर्दछन् । एउटा मिश्रित प्रणालीमा अर्को सँगसँगै प्रयुक्त फरक-फरक सूत्रहरू प्रयोग गर्ने दुई वटा निर्वाचन प्रणाली हुन्छन् । तिनै मतदाताहरूले मत दिन्छन र दुबै प्रणाली अन्तर्गत प्रतिनिधिहरूको निर्वाचनमा योगदान पनि दिन्छन् । यी प्रणालीमध्ये एउटा प्रणाली बढीमत/बहुमत प्रणाली अर्थात् सामान्यतः पहिलो हुने निर्वाचित हुने प्रणाली हो र अर्को सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली हो । मिश्रित प्रणालीका दुईवटा स्वरुप छन् ।

मिश्रित सदस्य समानुपातिक एउटा मिश्रित प्रणाली हो जहाँ मतदाताहरूबाट व्यक्त छनौटलाई दुईवटा भिन्न प्रणाली- एउटा सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली र अर्को प्रायः बढीमत/बहुमत प्रणालीको माध्यमबाट प्रतिनिधिको

निर्वाचन गर्न प्रयोग गरिन्छ। यस्ता दुईवटा प्रणालीमा सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीलाई बढीमत/बहुमत प्रणालीबाट उत्पन्न परिणाममा निहित असमानुपातको क्षतिपूर्ति स्वरुप प्रयोग गरिन्छ।

समानान्तर प्रणाली एउटा मिश्रित प्रणाली हो जहाँ मतदाताहरूबाट व्यक्त छनौटलाई दुईवटा भिन्न प्रणाली-एउटा सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली र अर्को (सामान्यतः) बढीमत/बहुमत प्रणालीको माध्यमबाट प्रतिनिधिहरूको निर्वाचन गर्न प्रयोग गरिन्छ। तर यस प्रणालीमा पहिलो प्रणाली अन्तर्गत विनियोजित स्थानलाई दोस्रो प्रणाली अन्तर्गतको परिणाम गणना गर्दा बेवास्ता गरिन्छ।

मिश्रित सदस्य समानुपात प्रणालीले सामान्यतया समानुपातिक नतिजा ल्याउँछ भने समानान्तर प्रणालीले बढीमत/बहुमतको समानुपात र समानुपातिक प्रतिनिधित्व प्रणालीको समानुपातको बीचमा कँही पनि समानुपात सहितको परिणाम ल्याउने सम्भावना हुन्छ।

## निर्वाचन प्रणालीका फाइदा र बेफाइदाहरू

तलको तालिकाले प्रमुख निर्वाचन प्रणालीका फाइदा र बेफाइदाहरूको सारांश प्रस्तुत गर्दछ। यी फाइदा र बेफाइदाहरू अवस्थाअनुसार फरक-फरक हुनसक्ने र धेरै तत्वहरूमा निर्भर हुने कुरालाई ध्यानमा राख्नु जरुरी छ। उदाहरणको लागि, पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गत मत दिने मतदाताहरूको संख्या वास्तवमा उच्च हुनसक्छ र सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीले राष्ट्रपतिका लागि सवल व्यवस्थापकीय समर्थन जुटाइ दिनसक्छ। साथै, एउटा प्रसंगमा वा एउटा दलबाट फाइदाको रुपमा हेरिएको कुरा अर्को प्रसंगमा वा कुनै अर्को दलको दृष्टिकोणबाट नकारात्मक कुरा हुनसक्छ। तथापि, यस तालिकाले निर्वाचन प्रणाली छनौटका सम्भावित प्रभावहरूको सिंहावलोकन प्रस्तुत गरेको छ। यसले निर्वाचन प्रणालीको छनौट र राजनीतिक संस्थागत उपलब्धिबीच हुने सम्बन्धको एउटा सङ्केत र प्रत्येक किसिमको निर्वाचन प्रणालीभित्रका भिन्नताका असरहरू समेत उल्लेख गरेको छ।

## निर्वाचन प्रणालीका पाँच विकल्पहरु : फाइदा र बेफाइदा

| | फाइदा | बेफाइदा |
|---|---|---|
| सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली | • समानुपातिकता ।<br>• समावेशीपन ।<br>• अल्पसंख्यकको प्रतिनिधित्व ।<br>• थोरै मत खेर जाने ।<br>• महिला प्रतिनिधिहरू निर्वाचित हुन सहज ।<br>• निर्वाचन क्षेत्र सीमा तोक्न आवश्यक नभएको (वा कम आवश्यक) ।<br>• उपनिर्वाचन गर्ने आवश्यकता नभएको ।<br>• मतदानमा अनुपस्थित हुनेलाई सुविधा दिने ।<br>• एकल दल क्षेत्रहरूको वृद्धिलाई रोक्ने ।<br>• मतदान उच्च हुने सम्भावना । | • कमजोर भौगोलिक प्रतिनिधित्व ।<br>• जवाफदेहिताको विवाद ।<br>• राष्ट्रपतिय प्रणालीमा राष्ट्रपतिको लागि कमजोर व्यवस्थापकीय समर्थन हुने सम्भावना ।<br>• संसदीय प्रणालीमा गठबन्धन वा अल्पमतको सरकार को संभाव्यता ।<br>• राजनीतिक दलहरूलाई धेरै शक्ति दिइएको । अतिवादी दलहरूलाई व्यवस्थापिकामा समावेश गर्ने तर्फ मार्ग बन्न सक्ने ।<br>• दललाई सत्ताच्यूत गर्ने क्षमता नभएको । |
| पहिलो हुने निर्वाचित हुने | • सबल भौगोलिक प्रतिनिधित्व ।<br>• जवाफदेहिता कार्यान्वयन गर्न सहज बनाउने ।<br>• बुझ्न सजिलो ।<br>• मतदातालाई स्पष्ट छनौट उपलब्ध गराउने ।<br>• सुसँगत विपक्षीलाई प्रोत्साहित गर्ने ।<br>• अतिवादी दलहरूलाई पाखा लगाउने ।<br>• मतदाताले उम्मेदवारहरूबीच छनौट गर्नपाउने ।<br>• राष्ट्रपतिय प्रणालीमा राष्ट्रपतिको लागि दह्रो व्यवस्थापकीय समर्थन प्राप्त हुने बढी सम्भावना ।<br>• संसदीय प्रणालीमा बहुमतको सरकार गठन हुने बढी सम्भावना | • अल्पसंख्यक दलहरूलाई समावेश नगर्ने ।<br>• अल्पसंख्यकलाई बाहेक गर्ने ।<br>• महिलालाई बाहेक गर्ने ।<br>• खेर जाने मतहरूको संख्या बढी हुने ।<br>• प्रायः उप-निर्वाचनको आवश्यकता पर्ने ।<br>• निर्वाचन क्षेत्र सीमा निर्धारण गर्नुपर्ने ।<br>• निर्वाचन क्षेत्र सीमा गोलमाल (Gerrymandering) गर्नसक्ने ।<br>• अनुपस्थित मतदानको प्रबन्ध गर्न कठिन हुने । |
| दुई-चरण प्रणाली | • मतदातालाई छनौट गर्न दोस्रो मौका दिने ।<br>• अन्य धेरै बढीमत/बहुमत प्रणालीको तुलनामा मत-विभाजन कम हुने ।<br>• बुझ्न सजिलो । | • निर्वाचन क्षेत्र सीमा निर्धारण गर्नुपर्ने ।<br>• खर्चिलो र प्रायः प्रशासनिक रुपमा चुनौतीपूर्ण दोस्रो चरणको आवश्यक पर्ने ।<br>• प्रायः उप-निर्वाचनको आवश्यकता ।<br>• निर्वाचन र परिणामको घोषणा बीच लामो समयावधि ।<br>• असमानुपातिकता ।<br>• दलीय प्रणालीलाई विखण्डन गर्नसक्ने ।<br>• गहिरो ढंगले विभाजित समाजका लागि अस्थिरता हुन सक्ने । |
| समानान्तर प्रणाली | • समावेशीपन ।<br>• अल्पसंख्यकको प्रतिनिधित्व ।<br>• विशुद्ध सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वको तुलनामा दलीय विखण्डन कम हुने ।<br>• अन्य विकल्पहरूका तुलनामा सहमत हुन सजिलो पर्नसक्ने । | • जटिल प्रणाली<br>• निर्वाचन क्षेत्र सीमा निर्धारण आवश्यक पर्ने ।<br>• प्रायः उप-निर्वाचनको आवश्यकता हुने ।<br>• प्रतिनिधिहरूको दुईवटा वर्ग सिर्जना गर्नसक्ने ।<br>• रणनीतिक मतदान ।<br>• सूचीमा आधारित समानुपातिक प्रणालीको तुलनामा अनुपस्थित मतदानको व्यवस्था गर्न बढी कठिन ।<br>• समग्र समानुपातको प्रत्याभूति नदिने । |
| मिश्रित सदस्य समानुपातिक प्रणाली | • समानुपातिक ।<br>• समावेशीपन ।<br>• भौगोलिक प्रतिनिधित्व ।<br>• जवाफदेहिता ।<br>• खेर जाने मतको संख्या नगण्य ।<br>• अन्य विकल्पहरूको तुलनामा सहमत हुन सजिलो हुनसक्ने । | • जटिल प्रणाली ।<br>• सीमा निर्धारण आवश्यक पर्ने ।<br>• प्रायः उप-निर्वाचनको आवश्यकता हुने ।<br>• प्रतिनिधिहरूको दुईवटा वर्ग सिर्जना गर्नसक्ने ।<br>• रणनीतिक मतदान ।<br>• सूची समानुपातिक प्रणालीको तुलनामा अनुपस्थित मतदानको व्यवस्था गर्न बढी कठिन । |

## प्रतिनिधित्व र प्रशासन सम्बन्धी विचारणीय पक्ष

### महिलाको प्रतिनिधित्व

महिलाको प्रतिनिधित्व अभिवृद्धि गर्ने धेरै तरिकाहरू छन्। समानुपातिक प्रणालीले बहुसंख्यक महिला निर्वाचित हुने परिणाम ल्याउनसक्छ। मनासिब माफिकको ठूलो निर्वाचन क्षेत्रको व्यापक प्रयोग गर्ने निर्वाचन प्रणालीले सन्तुलित ढंगले प्रदान गरिने टिकटहरूले निर्वाचन जित्ने सम्भावना वृद्धि गर्दछ भन्ने आधारमा दलहरूलाई महिलाको मनोनयन गर्न प्रोत्साहन गर्दछ।

निर्वाचन प्रणालीको छनौटको अतिरिक्त महिला प्रतिनिधिहरूको संख्या बढाउन प्रयोग गर्न सकिने अन्य धेरै रणनीतिहरू पनि छन्। व्यवस्थापिकामा निश्चित संख्यामा महिलाको लागि स्थान आरक्षण गर्नसकिन्छ। साथै, निर्वाचनसम्बन्धी कानूनबाट दलहरूले निश्चित कोटामा महिला उम्मेदवारहरू प्रस्तुत गर्नुपर्ने व्यवस्था गर्नसक्छ। तर दलको सूचीमध्ये निर्वाचित हुनसक्ने स्थानहरूमा महिलालाई उम्मेदवार बनाइएको प्रत्याभूति दिने संयन्त्रहरू नभएसम्म यस्तो कोटासम्बन्धी कानूनले लक्ष्य हासिल हुने कुराको सदैव प्रत्याभूति दिनसक्दैन। राजनीतिक दलहरूले महिलालाई व्यवस्थापिकाको उम्मेदवार बनाउन उनीहरूका लागि आफ्नै आन्तरिक कोटा निर्धारण गर्न पनि सक्छन्। कोटा सम्बन्धी थप विवरण र तथ्याङ्क आइडीइए/स्टकहोम विश्वविद्यालयको महिलाको लागि निर्वाचन कोटाको विश्वव्यापी www.quotaproject.org मा पाउनसकिन्छ।

### अल्पसंख्यकको प्रतिनिधित्व

अल्पसंख्यक र साम्प्रदायिक समूहको प्रतिनिधित्व अभिवृद्धि गर्ने धेरै तरिकाहरू छन्। मनासिव माफिकको ठूलो निर्वाचन क्षेत्रको व्यापक प्रयोग गर्ने निर्वाचन प्रणालीले दलहरूलाई सन्तुलित ढंगले प्रदान गरिने टिकटहरूले निर्वाचन जित्ने सम्भावना वृद्धि गर्दछ भन्ने आधारमा अल्पसंख्यकहरू मध्येबाट उम्मेदवार मनोनयन गर्न प्रोत्साहित गर्दछ। ज्यादै कम सीमाविन्दु वा औपचारिक सीमाविन्दुको पूर्ण उन्मूलनले समानुपातिक प्रतिनिधित्व प्रणालीमा कम प्रतिनिधित्व भएका वा प्रतिनिधित्व नै नभएका समूहको प्रतिनिधित्वलाई प्रवर्द्धन गर्न पनि सक्छ। बढीमत/बहुमत प्रणालीमा, अल्पसंख्यक र साम्प्रदायिक समूहको लागि व्यवस्थापिकामा स्थान छुट्याउन सकिन्छ।

### निर्वाचन प्रणाली र मतदाताको उपस्थिति

निर्वाचनमा मतदाताको उपस्थितिको मात्रा तथा छनौट गरिएको निर्वाचन प्रणालीबीच स्थापित सम्बन्ध छ। समानुपातिक प्रतिनिधित्व प्रणाली सामान्यतया उच्चतम उपस्थितिसँग आबद्ध छन्। बढीमत/बहुमत प्रणालीमा, एउटा दलले जित्ने सम्भावना देखिएको अवस्थाभन्दा राष्ट्रिय निर्वाचन परिणाम निकट हुने अपेक्षा गरिएको अवस्थामा हुने मतदाताको उपस्थिति उच्च हुनेगर्छ र परिणाम निकटतम हुने अपेक्षा गरिएको अवस्थामा पनि क्षेत्र विशेषमा पनि मतदाताको उपस्थिति उच्च हुनेगर्दछ।

### तयारी र प्रशिक्षित गर्ने समय

विभिन्न निर्वाचन प्रणालीका लागि पूर्वाधार विकास गर्न आवश्यक पर्ने समय फरक-फरक हुन्छ। उदाहरणको लागि, निर्वाचन सम्बन्धी दर्ता र सीमा निर्धारण गर्ने काम दुबै समय लाग्ने अभ्यासहरू हुन्, जसले वैधतासम्बन्धी समस्यातर्फ लैजानसक्छ। एउटा पराकाष्ठामा यदि सबै मतदाताहरू स्वयं उपस्थित भई मत

*समानुपातिक प्रणालीले धेरै महिला निर्वाचित हुने परिणाम ल्याउन सक्छ।*

*समानुपातिक प्रतिनिधित्व प्रणाली सामान्यतया उच्चतर मतदाता उपस्थितिसँग आबद्ध छ।*

*खासगरी नयाँ प्रणाली लागू गरिएको अवस्थामा निर्वाचनसँग सम्बद्ध कर्मचारीको तालिमको लागि सदैव समय चाहिन्छ।*

दिन्छन् र मतदान केन्द्रमा मतदाताहरूको चिन्ह राखिन्छ भने एउटा राष्ट्रिय निर्वाचन क्षेत्र सहितको सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली माथिका दुबै कुरा नभए पनि सम्भव हुनसक्छ। अर्को पराकाष्ठामा, कुनै पनि स्वीकार्य संरचना विद्यमान छैन भने एकल सदस्यीय निर्वाचन क्षेत्रहरू सहितको बढीमत/बहुमत प्रणालीको लागि दुबै आवश्यक हुनसक्छ। साथै, खासगरी नयाँ प्रणाली लागू गरिएको अवस्थामा निर्वाचनसँग सम्बद्ध कर्मचारीहरूको प्रशिक्षणका लागि सदैव समय चाहिन्छ।

### उप-निर्वाचन

निर्वाचनहरूबीच कुनै स्थान रिक्त हुन आएमा, सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीले प्रायः सामान्य रुपले पूर्व प्रतिनिधिको दलको सूचीमा रहेको अर्को उम्मेदवारबाट रिक्त स्थान पूर्ति गर्दछन् जसबाट यी प्रणालीले अर्को निर्वाचन गराउनु पर्ने आवश्यकतालाई हटाउँछ। तर बढीमत/बहुमत प्रणालीमा प्रायः उप निर्वाचनका माध्यमबाट रिक्त स्थानहरू पूर्ति गर्ने व्यवस्था गरिएकोहुन्छ। मूल प्रतिनिधिहरूको निर्वाचन गर्दा नै वैकल्पिक प्रतिनिधिहरू निर्वाचित गरेर पनि उप-निर्वाचनको व्यवस्था हटाउन सम्भव छ।

केही परिस्थितिमा, उप-निर्वाचनले कुनै सदस्यलाई विस्थापन गर्ने मात्रै नभई व्यापक राजनीतिक प्रभाव पनि पार्नसक्छ र यस्ता निर्वाचनलाई सरकारको कार्यसम्पादनको मध्यकालीन परीक्षणको रुपमा हेर्ने गरिन्छ। यसका अतिरिक्त, यदि संसद्को कार्यकाल बाँकी छँदै पूर्ति गर्नुपर्ने रिक्त स्थानको संख्या ठूलो भएमा, यसले व्यवस्थापिकाको स्वरुपमा परिवर्तन ल्याउन पनि सक्छ र यो नै सरकारको लागि परिवर्तित शक्तिको आधार पनि हुनसक्छ।

### वाह्य मतदान

वाह्य मतदानमा तोकिएका मतदानकेन्द्र भन्दा बाहिरको कुनै स्थानमा वा कुनै अर्को समयमा मतदाता स्वयंले मत दिनसक्छ वा हुलाकबाट मत पठाउन वा नियुक्त प्रतिनिधि (प्रोक्सी) मार्फत पनि मतदान गर्न सकिन्छ। प्रति दल एउटा मात्रै सूची सहितको राष्ट्रव्यापी सूचीमा आधारित समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत वाह्य मतदानको प्रशासन गर्न अत्यन्तै सहज हुन्छ। तर एकल-सदस्यीय निर्वाचन क्षेत्रहरू प्रयोग गर्ने प्रणाली अन्तर्गत यसको प्रशासनिक कार्य भने अत्यन्तै जटिल हुन्छ। मत खसिसकेपछि, देश बाहिरका मतहरूलाई अनुपस्थित मतदाताको गृह निर्वाचन क्षेत्रमा समावेश गर्न, एकल (वा बढीमत) देश बाहिरका निर्वाचन क्षेत्रहरूभित्र गणना गर्न, एक वा बढी निश्चित निर्वाचन क्षेत्रहरूमा समावेश गर्न वा राष्ट्रव्यापी रुपमा आधारित सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत स्थानहरू बाँडफाँड गर्दा कुल राष्ट्रिय मतमा जोड्न सकिन्छ।

## निर्वाचन प्रणाली र राजनीतिक दलहरू

*बन्दसूची समानुपातिक प्रतिनिधित्व प्रणाली अपनाउने उच्च रुपमा केन्द्रिकृत राजनीतिक प्रणालीले सशक्त दलीय सँगठनहरू प्रवर्द्धन गर्ने सम्भावना अत्यन्तै प्रवल हुन्छ। विकेन्द्रिकृत, जिल्ला आधारित प्रणालीले विपरीत प्रभाव पार्नसक्छन्।*

बन्द सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रंणाली अपनाउने उच्च रुपमा केन्द्रिकृत राजनीतिक प्रणालीले सशक्त दलीय सँगठनहरू प्रवर्द्धन गर्ने सम्भावना अत्यन्तै प्रवल हुन्छ। विकेन्द्रिकृत, निर्वाचन क्षेत्र-आधारित प्रणालीले विपरीत प्रभाव पार्नसक्छ। अन्य धेरै निर्वाचक तत्वहरूलाई दलीय प्रणालीको विकासमा प्रभाव पार्न प्रयोग गर्न पनि सकिन्छ। सार्वजनिक र निजी कोषमा पहुँच एउटा महत्वपूर्ण सवाल हो, जसले निर्वाचन प्रणालीको प्रारुपलाई बाधा पार्छ र संभाव्य नयाँ दलहरूको

उत्पत्तिमा यो सवाल प्रायः एउटा सबैभन्दा ठूलो अवरोधको रुपमा रहन्छ । निर्वाचन प्रणालीको छनौटले राजनीतिक दलीय प्रणाली विकसित हुने तरिका र ढाँचामा प्रभाव पारे जस्तै अवलम्बन गरिएको राजनीतिक दलगत प्रणालीले पनि निर्वाचन प्रणालीको छनौटमा प्रभावपार्दछ । दरो राजनीतिक स्वार्थ नभएसम्म विद्यमान दलहरूले आफूलाई गम्भीर रुपमा बेफाइदा गर्नसक्ने खालका परिवर्तन वा नयाँ प्रतिस्पर्धी दलहरूले राजनीतिक दलीय व्यवस्थामा प्रवेश पाउने खालका परिवर्तनहरूलाई समर्थन गर्ने सम्भावना कम हुन्छ । तसर्थ, निर्वाचन प्रणाली परिवर्तन गर्नका लागि उपलब्ध विकल्पहरूको दायरा, व्यवहार संकुचित हुनसक्छ ।

*दरो राजनीतिक स्वार्थ नभएसम्म विद्यमान दलहरूले आफूलाई गम्भीर रुपमा बेफाइदा गर्न सक्ने खालका परिवर्तन वा नयाँ प्रतिस्पर्धी दलहरूले राजनीतिक दलीय व्यवस्थामा प्रवेश पाउने खालका परिवर्तनहरूलाई समर्थन गर्ने सम्भावना कम हुन्छ ।*

भिन्न-भिन्न किसिमका निर्वाचन प्रणालीले उम्मेदवार विशेष र उनीहरूका समर्थकहरूबीच भिन्न-भिन्न सम्बन्धको सिर्जना पनि गर्दछन् । साधारण अर्थमा, बढीमत/बहुमत प्रणाली जस्ता एकल सदस्य निर्वाचन क्षेत्रहरू प्रयोग गर्ने प्रणालीलाई आफू कुनै खास भौगोलिक क्षेत्रको प्रतिनिधिको रुपमा हेर्न र आफ्ना स्थानीय निर्वाचक समूहहरूको हितमा ध्यान केन्द्रित गर्न उम्मेदवारहरूलाई प्रोत्साहित गर्ने प्रणालीको रुपमा हेरिन्छ । त्यसको विपरीत, अधिकांशतः समानुपातिक प्रतिनिधित्व प्रणाली जस्ता ठूला बहु-सदस्य निर्वाचन क्षेत्रहरू प्रयोग गर्ने प्रणालीले राष्ट्रिय सवालहरूमा आफ्नो दलप्रति प्राथमिक निष्ठा राख्ने प्रतिनिधिहरू निर्वाचित गराउने सम्भावना बढी हुन्छ । दुबै अवधारणाका आ-आफ्नै गुण छन्, जुन स्थानीय र राष्ट्रिय दुबै तहका प्रतिनिधिहरू संयोजन गर्ने मिश्रित प्रणालीको बढ्दो लोकप्रियताको एउटा कारण हो । खासगरी, व्यक्ति विशेष निर्वाचित सदस्यहरूको सम्बन्धमा, राजनीतिक दल र निर्वाचन प्रणालीको छलफलमा जवाफदेहिताको प्रश्न प्रायः उठ्ने गर्दछ । मतदाताहरू, निर्वाचित सदस्यहरू र राजनीतिक दलहरूबीचको सम्बन्ध निर्वाचन प्रणालीबाट मात्रै नभई कार्यकालको सीमा, दलहरू र निर्वाचित प्रतिनिधिहरू समेत भएका उनीहरूका सदस्यहरूबीचको सम्बन्ध नियमित गर्ने व्यवस्थाहरू वा निर्वाचित सदस्यहरूलाई व्यवस्थापिकाबाट राजीनामा नदिई दल परिवर्तन गर्न रोक लगाउने व्यवस्थाहरू जस्ता राजनीतिक व्यवस्थापकीय संयन्त्रका अन्य व्यवस्थाहरूबाट पनि प्रभावित हुन्छ ।

दलहरूबीच नभई उम्मेदवारहरूबीच छनौट गर्नपाउने मतदाताहरूको स्वतन्त्रता पनि जवाफदेहिताको अर्को पक्ष हो । तसर्थ, हालैका वर्षहरूमा धेरै मुलुकले, उदाहरणको लागि समानुपातिक प्रतिनिधित्व निर्वाचनमा खुला सूची लागू गरेर आफ्ना निर्वाचन प्रणालीमा उम्मेदवार केन्द्रित मतदानको उच्चतर तत्व समावेश गरेका छन् ।

## निष्कर्षः धेरै विकल्पहरू, मुख्य सिद्धान्तहरु

निर्वाचन प्रणालीको अध्ययनबाट निकाल्नुपर्ने स्पष्टतम निष्कर्षहरूमध्येको एउटा निष्कर्ष भनेको सामान्यतया उपलब्ध विकल्पहरूको दायरा र उपयोग हो । विश्वव्यापी तुलनात्मक अनुभवको दायरा व्यापक छ । प्रायः संवैधानिक, राजनीतिक र निर्वाचन संयन्त्रका प्रारुपकर्ता र तर्जुमाकारहरूले विकल्पहरूको बारेमा पूर्ण रुपमा अनुसन्धान गर्नुभन्दा आफूलाई कुन निर्वाचन प्रणालीको वारेमा राम्रो ज्ञान छ त्यही निर्वाचन प्रणाली छान्ने गरेका छन् र एउटा मात्र अघिल्लो औपनिवेशिक शक्ति भए सोको प्रणाली वा त्यस्तो दातृ मुलुकको प्रणाली जसको प्राविधिक सल्लाहकार अत्यन्तै अनुनयी छ प्रायः त्यस्तो नयाँ लोकतन्त्रहरूमा यस्तो भएको पाइन्छ । मुख्य-मुख्य सिद्धान्तहरूको सारांश तल दिइएको छ ।

**यो समग्र संस्थागत संयन्त्रको अङ्ग हो भन्ने सम्झने**

निर्वाचन प्रणाली संवैधानिक र राजनीतिक संयन्त्रसँग घनिष्ट रुपमा आबद्ध छ र यसले पृथक पृथक संस्थागत स्थितिमा पृथक-पृथक ढंगले सदैव काम गर्दछ भन्नसकिदैन । संस्थाहरूको ढाँचा छनौट गर्नु बुद्धिमानी हुन्छ र शून्यतामा निर्वाचन प्रणालीको छनौट गर्नुहुँदैन ।

**यसलाई सरल र स्पष्ट बनाउने**

प्रभावकारी र दिगो निर्वाचन प्रणालीका प्रारुपहरू मतदाता र राजनीतिज्ञहरूले सजिलै बुझ्नसक्ने खालका हुन्छन् । ज्यादा जटिलताले असमझदारी, अनिच्छित परिणति र नतिजाप्रति मतदाताले अविश्वास गर्ने वातावरणतर्फ लैजान सक्छ । तर विभिन्न किसिमका निर्वाचन प्रणालीहरू जानकारी गरी सफलतापूर्वक प्रयोग गर्नसक्ने मतदाताहरूको क्षमतालाई कम आँक्नु पनि त्यतिकै खतरनाक हुन्छ । मतदाताहरूले प्रायः तुलनात्मक रुपमा राजनीतिक प्राथमिकता र छनौटको जटिल क्रम व्यक्त गर्न चाहन्छन् र गरेका पनि छन् ।

**नव सिर्जना गर्न नडराउने**

आज विश्वमा प्रयोग भइरहेका सफल निर्वाचन प्रणालीमध्ये धेरै प्रणाली स्वयंले खास-खास समस्याहरूलाई सम्बोधन गर्ने नवीनतम सोचको प्रतिनिधित्व गर्दछन् र ती प्रणाली राम्रोसँग काम गर्नसक्ने भनी प्रमाणित भइसकेका छन् । छिमेकी मुलुकहरू, धेरै भिन्न देखिने स्थितिहरू अनि अरुको अनुभवबाट सिक्नुपर्ने कुरा धेरै छन् ।

**समावेशी पक्षमा गल्ती नगर**

जहाँसम्म सम्भव छ विभाजित वा सापेक्षिक रुपमा समतामूलक समाजमा, निर्वाचन प्रणालीले व्यवस्थापिकामा सबै महत्वपूर्ण हितलाई समावेश गर्ने पक्षमा गल्ती गर्नुहुँदैन । वैचारिक, जातीयता, वर्णगत, भाषिक, क्षेत्रीय वा धार्मिक पहिचान जे सुकैमा आधारित भए तापनि, अल्पसंख्यकको विचारधारालाई खासगरी विकासोन्मुख मुलुकहरूमा, व्यवस्थापिकामा समावेश नगर्दा, त्यसले दुर्दशापूर्ण रुपमा प्रत्युत्पादक परिणति ल्याएको छ ।

**छनौटमा प्रकृया एउटा मुख्य तत्व हो**

कुनै खास निर्वाचन प्रणाली छनौट गर्दा अपनाइने बाटो पनि सो प्रणालीको वैधता सुनिश्चित गर्न अत्यन्तै महत्वपूर्ण स्थानराख्छ । कुनै दलगत स्वार्थबाट मात्रै अभिप्रेरित भएको ठानिएको निर्णयको तुलनामा अधिकांश वा सबै समूहहरू, निर्वाचक समूह समेत समावेश गरिएको प्रकृयाबाट ग्रहण गरिएको अन्तिम परिणामले उल्लेख्य एवं व्यापक समर्थन पाउने सम्भावना हुन्छ । निर्वाचन प्रणालीको छनौटका सम्बन्धमा छलफल गर्दा दलगत कुरालाई बेवास्ता गर्न सकिंदैन तापनि कुनै संस्थाप्रतिको व्यापक अन्तरदलीय र जनसमर्थन यसको मान्यता र सम्मानका लागि महत्वपूर्ण हुन्छ ।

**सबै प्रमुख पात्रहरुबीच वैधता र स्वीकार्यता निर्माण गर्ने**

प्रजातान्त्रिक प्रकृयामा भूमिका निर्वाह गर्न चाहने सबै समूहले यस्तो अनुभूति गर्नुपर्छ कि प्रयोगमा ल्याइने निर्वाचन प्रणाली स्वच्छ छ र त्यसले उनीहरूलाई अन्य

जो कोही सरह निर्वाचनमा सफलता पाउन समान अवसर प्रदान गर्दछ। निर्वाचनमा पराजित हुनेहरूले उनीहरूको असंतुष्टिलाई प्रणाली स्वयंको अस्वीकृतिमा बदल्नु वा निर्वाचन प्रणालीलाई लोकतान्त्रिक सुदृढीकरणको मार्गमा अस्थिर बनाउने बहानाको रुपमा प्रयोग गर्नुपर्ने आवश्यकता ठान्नु हुंदैन।

## मतदाताको प्रभावलाई अधिकतम बनाउने प्रयास गर्ने

मतदाताहरूले निर्वाचनबाट उनीहरूलाई सरकार र सरकारी नीतिमा प्रभाव पार्ने उपाय उपलब्ध हुन्छ भन्ने अनुभूति गर्नुपर्दछ । विभिन्न तरिकाहरूबाट छनौटलाई अधिकतम पार्न सकिन्छ । मतदाताहरू दलहरूबीच, विभिन्न दलका उम्मेदवारहरूबीच र एउटै दलका उम्मेदवारहरूबीच छनौट गर्न सक्षम हुनसक्छन्। उनीहरू राष्ट्रपतिय, माथिल्लो सदन, तल्लो सदन, क्षेत्रीय र स्थानीय सरकारका निर्वाचनहरूमा विभिन्न प्रणाली अन्तर्गत मत दिन सक्षम पनि हुनसक्छन्। आफ्नो मतले व्यवस्थापिकाको गठनमा मात्रै होइन कि सरकारको गठनमा पनि साँचो अर्थमा प्रभाव पार्दछ भन्ने पनि उनीहरूले महसुस गनुपर्दछ।

## समान विचारका राजनीतिक दलहरुबीच सन्तुलन मिलाउने

मतदाताले मतपत्रमा अधिकतम छनौट गर्न पाउने व्यवस्थाले यस्तो विभाजित व्यवस्थापिकाको जन्म दिनसक्छ जहाँ कसैले पनि आशा गरेको परिणाम प्राप्त गर्नसक्दैन । फराकिलो आधार भएका समान विचारका राजनीतिक दलहरू प्रभावकारी र दिगो लोकतन्त्र प्रवर्द्धन गर्ने अत्यन्तै महत्वपूर्ण तत्वहरू हुन्।

## दीर्घकालीन स्थिरता र अल्पकालीन लाभ सधैं सुसङ्गत हुँदैनन्

राजनीतिक पात्रहरूले नयाँ निर्वाचन प्रणालीका बारेमा वार्ता गर्दा आगामी निर्वाचनहरूमा आफ्ना दललाई लाभ पुऱ्याउन सक्ने देखेका प्रस्तावहरू प्रायः अघि सार्दछन्। तर यो प्रायः विवेकहीन रणनीति हुनसक्छ किनभने एउटा दलको अल्पकालीन सफलता वा प्रभुत्वले दीर्घकालीन राजनीतिक विभाजन र सामाजिक अस्थिरतातर्फ लैजानसक्छ । त्यसैगरी, निर्वाचन प्रणाली परिवर्तित राजनीतिक परिस्थिति र नयाँ राजनीतिक गतिविधिको विकासलाई प्रभावकारी ढंगले सम्बोधन गर्न पर्याप्त मात्रामा उत्तरदायी हुन जरुरी हुन्छ । स्थापित लोकतन्त्रमा पनि, ठूला दलहरूलाई प्राप्त समर्थन कमै मात्रामा स्थिर हुन्छ जबकि नयाँ लोकतन्त्रमा राजनीति प्रायः सधै उच्च रुपमा गतिशील हुन्छ र एउटा निर्वाचनमा हुने निर्वाचनसम्बन्धी व्यवस्थाहरूबाट लाभ लिने दलले अर्को निर्वाचनमा लाभ लिनसक्छ नै भन्ने हुँदैन।

## कमजोरीहरुलाई पछि सजिलैसंग सुधार्न सकिन्छ भन्ने कल्पना नगर

सबै निर्वाचन प्रणालीले विजेता र पराजित सिर्जना गर्दछन् र त्यसै कारणले गर्दा निहित स्वार्थ उत्पन्न हुन्छ । कुनै प्रणाली लागू भइसकेपछि यिनीहरू राजनीतिक वातावरणको हिस्सा बन्न पुग्छन् । उत्पन्न हुने समस्यालाई समाधान गर्न, पछि सहमति जुटाउन सजिलो हुनेछ भनी अनुमान गर्नु बुद्धीमतापूर्ण नहुनसक्छ । कुनै प्रणालीको पुनरावलोकन गरिने भएमा, प्रणालीको परिवर्तन समेट्ने कानूनी लिखतमा परिवर्तन समाविष्ट गर्ने कुरा संवेदनशील हुनसक्छ।

## कुनै पनि नयाँ प्रणालीले सामाजिक द्वन्द्वमा पार्नसक्ने प्रभावको मूल्यांकन गर्ने

निर्वाचन प्रणालीलाई विधायक र राष्ट्रपति छनौट गर्ने संयन्त्रको रुपमा मात्रै होइन कि समाजभित्र द्वन्द्व व्यवस्थापन गर्ने साधनको रुपमा समेत हेर्न सकिन्छ । केही परिस्थितिमा केही प्रणालीले दलहरूलाई उनीहरूका आफ्नै सारपूर्ण समर्थनको आधारस्थल बाहिर समर्थनका लागि समावेशी आव्हान गर्न प्रोत्साहित गर्दछन् । अनुपयुक्त निर्वाचन प्रणालीको प्रयोगले सिर्जना भइसकेका नकारात्मक प्रवृत्तिहरूलाई बढावा दिन मद्दत पुऱ्याउँछन्, उदाहरणका लागि निर्वाचनलाई "शून्य हिसाब" को परिणाममुखी प्रतिस्पर्धाको रुपमा हेर्न र त्यसरी नै आफ्ना गृह समूह बाहिरका कसैसँग पनि शत्रुतापूर्ण र असमावेशी तरिकाले व्यवहार गर्न दलहरूलाई प्रोत्साहित गरेर मद्दत पुऱ्याउँछन् । कुनै राजनीतिक संस्थाको प्रारुप तयार पार्दा, न्यूनतम आधार वा विन्दु के हो भने यसले समाजभित्र तनाव कम गर्न सघाउ पुऱ्याउन सकेन भने पनि यसले कम्तीमा कुनै पनि विषयवस्तुलाई अझ बढी खराव बनाउनु हुँदैन ।

## असाधारण वा अवाञ्छित आकस्मिकताहरुको परीक्षण र परिकल्पना गर्ने

निर्वाचन प्रणालीका प्रारुपकर्ताहरूले दीर्घकालीन रुपमा आउनसक्ने क्लेश हटाउन आफूसँगै केही असामान्य प्रश्नहरू सोध्नुपर्दछ । नतिजा के हो र सो निर्धारण गर्नसक्ने गरी प्रस्तावित प्रणाली विस्तृत र स्पष्ट त छ ? के एउटै दलले सबै स्थानहरू जित्नसक्ने सम्भावना छ ? व्यवस्थापिकामा उपलब्ध स्थानहरू भन्दा बढी स्थान दिन के गर्नुपर्छ ? उम्मेदवारहरूले गठबन्धन गरे के गर्नुहुन्छ ? के कुनै प्रणालीले केही निर्वाचन क्षेत्रहरूमा कुनै दलको समर्थकले आफूले रोजेको दल वा उम्मेदवारलाई मत नदिंदा राम्रो हुन्छ भन्ने अर्थ त राख्दैन ?

## दिगो हुनुपर्छ भन्ने कुरा सम्झनुपर्ने

छनौट गरिएको निर्वाचन प्रणालीले मतदाता सूची र सीमा निर्धारण सम्बन्धी आवश्यक शर्तहरू सहित निर्वाचन प्रशासनमा मानवस्रोतको माग र राष्ट्रिय बजेटमा आर्थिक स्रोतको माग सिर्जना गर्नेछ । यी स्रोतहरूलाई निरन्तर रुपमा उपलब्ध गर ाउन सम्भव र वाञ्छनीय छ त?

## निर्वाचन प्रणाली प्रारुपकर्ताको लागि चेकलिष्ट

- ❑ के प्रणाली स्पष्ट र ग्राह्य छ ?
- ❑ के भावी सुधारका संयन्त्रहरू स्पष्ट छन् ?
- ❑ के प्रणालीले निर्वाचक समूहलाई कम आंकलन गर्नबाट हटाउँछ ?
- ❑ के प्रणाली सम्भवभएसम्म समावेशी छ ?
- ❑ के प्रारुप निर्माण प्रकृयाको वैधानिकता स्वीकार हुन्छ ?
- ❑ के असाधारण आकस्मिकताहरूलाई दृष्टिगत गरिएको छ ?
- ❑ के प्रणाली आर्थिक र प्रशासनिक रुपले दिगो छ ?
- ❑ के मतदाताहरूले आफू शक्तिसम्पन्न भएको अनुभूति गर्छन् ?
- ❑ के प्रतिस्पर्धात्मक दलीय प्रणालीलाई प्रोत्साहित गरिएको छ ?
- ❑ के प्रणाली समग्र संवैधानिक खाकासँग मेल खान्छ ?
- ❑ के प्रणालीले द्वन्द्वलाई अझै बढावा दिने नभई यसलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउँछ ?

## शब्दावली (Glossary)

(यस परिशिष्टमा उल्लेखित शब्दहरू अंग्रेजी वर्णानुक्रमअनुसार रुपान्तर गरिएकोले सोही बमोजिम कोष्ठक भित्र दिई नेपालीमा रुपान्तरण गरी राखिएका छन् ।)

**मतपत्रको संरचना** (Ballot Structure) – मतपत्रमा निर्वाचकले गर्ने छनोटको काम, खासगरी मतपत्र उम्मेदवार-केन्द्रित अथवा दल- केन्द्रित जेसुकै भए तापनि प्रस्तुत गर्नसक्छ भनेर देखाउने उपाय ।

**निर्वाचन क्षेत्र सीमा निर्धारण** (Boundary delimitation) – कुनै मुलुक, स्थानीय शासन क्षेत्र वा अधि-राष्ट्रिय संस्थालाई निर्वाचन क्षेत्रमा विभाजन गर्ने प्रक्रिया ।

**उम्मेदवार-केन्द्रित मतपत्र** (Candidate-centred ballot) – मतपत्रको एक स्वरुप हो जसमा निर्वाचकले उम्मेदवारको छनोट दलहरू र राजनीतिक समूहरूबाट होइन उम्मेदवारहरूमध्येबाट गर्दछ ।

**बन्द सूची** (Closed list) – सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीको एक स्वरुप हो जसमा निर्वाचकले दल वा दलीय समूहहरूलाई मात्र मतदान गर्न पाउने गरी बन्देज लगाइएको हुन्छ, दल भित्रको कुनै उम्मेदवारले प्राथमिकताको अभिव्यक्ति प्रकट गर्न पाउँदैन् ।

**क्षतिपूर्ति वापत दिइने स्थान** (Compensatory seats) – मिश्रित सदस्यीय समानुपातमा सूचीमा आधारित समानुपातिक प्रतिनिधित्वको स्थान हुन्छ जुन स्थानहरू मिश्रित सदस्यीय समानुपात अनुसार, साधारणतः बढीमत/बहुमत प्रणाली अन्तर्गतको, प्रथम भागको निर्वाचनमा भाग लिएका दल वा समूहहरूको प्रतिनिधित्वमा अमिल्दो अनुपातलाई सुधार गर्न प्रदान गर्नेगरिन्छ ।

**असमानुपात** (Disproportionality) – निर्वाचनमा भाग लिएका दल वा समूहहरूलाई स्थानको बाँडफाँड गर्दा समानुपातबाट भएको विचलनको मात्रा ।

**निर्वाचन क्षेत्र** (Dirstrict) – यो पुस्तकमा प्रयुक्त यस शब्दावलीलाई निर्वाचन क्षेत्र बुझाउने गरी प्रयोग गरिएको छ ।

**निर्वाचन क्षेत्रको व्यापकता** (District magnitude) – एउटा निर्वाचन क्षेत्रको लागि यसबाट निर्वाचित हुने प्रतिनिधिको संख्या ।

**निर्वाचन क्षेत्र** (Electoral district) – निर्वाचनको प्रयोजनको निम्ति मुलुक, स्थानीय निकाय वा अधि-राष्ट्रिय संस्थालाई विभाजन गरिएको भौगोलिक क्षेत्र हो । हेर्नुहोस्-प्रशासनिक निर्वाचन क्षेत्र । निर्वाचन क्षेत्र, निर्वाचनमण्डल (ख) र निर्वाचनका निम्ति  प्रशासनिक क्षेत्र (Riding) । एक निर्वाचन क्षेत्रको निर्वाचित निकायमा एक वा बढी प्रतिनिधि निर्वाचन गर्नसक्छ । हेर्नुहोस एकल-सदस्यीय निर्वाचन क्षेत्र र बहु-सदस्यीय निर्वाचन क्षेत्र ।

**निर्वाचन सूत्र** (Electoral formula) – विशेषतः मतलाई स्थानमा रुपान्तरण गर्नेसम्बन्धी निर्वाचन प्रणालीको एक अंश ।

**निर्वाचन कानून** (Electoral law) – मुलुकको संविधान वा संस्थागत खाकामा निर्धारण भएका राजनीतिक संस्थाहरूको निर्वाचन प्रकृयाको पक्षलाई व्यवस्थित गर्ने एक वा बढी संख्यामा रहेका कानूनहरू ।

**निर्वाचन व्यवस्थापन निकाय** (Electroal management body) (EMB) – निर्वाचन कानून अर्न्तगत  निर्वाचन संचालन गर्न जिम्मेवारी दिइएको संस्था हो । धेरैजसो मुलुकमा यो उद्देश्यका लागि नियुक्त एक स्वतन्त्र आयोगको रुपमा वा  सरकारबाट तोकिएको एक विभागको रुपमा रहन्छ ।

**निर्वाचन प्रणाली** (Electoral system) – निर्वाचन कानून र नियमावलीको हिस्सा हो जसले दल र उम्मेदवार कसरी एक निकायमा प्रतिनिधिको रुपमा चुनिन्छन् भन्ने कुरा निर्धारण गर्दछ । यसका तीनवटा मुख्य तत्वहरूमा निर्वाचन सूत्र, मतपत्र संरचना र निर्वाचन क्षेत्रको व्यापकता रहेका हुन्छन् ।

**निर्वाचकमण्डल** (Electorate) – यसले देहायका दुईमध्ये कुनै एक निश्चित अर्थ राख्छः

क. एक निर्वाचन क्षेत्रमा मतदाताको लागि नाम दर्ता गरेका कुल निर्वाचकको संख्या ।

ख. विशेष गरी केही अंग्रेजी भाषी मुलुकहरूमा प्रयोग हुने निर्वाचन क्षेत्रको पर्याय । (हेर्नुहोस् - निर्वाचन क्षेत्र) ।

**वाह्य मतदान** (External voting) – मतादाताहरू जो स्थायी वा अस्थायी रुपमा मुलुकबाट बाहिर रहे पनि मतदान गर्नसक्ने संयन्त्र हो । यसलाई मुलुकबाहिरको मतदान (Out-of-country voting) पनि भनिन्छ ।

**पहिलो हुने निर्वाचित हुने** (First Past the Post) (FPTP) – एकल-सदस्यीय निर्वाचन क्षेत्र र उम्मेदवार केन्द्रित मतदान प्रयोग हुने बहुमत निर्वाचन प्रणालीको सबभन्दा सरल स्वरुप हो जसमा सदर भएको पूर्ण बहुमत नभए तापनि त्यो उम्मेदवार विजयी हुन्छ जसले अन्य कुनै उम्मेदवार भन्दा बढी मत प्राप्त गर्दछ ।

**जेरिम्याण्डरिङ्ग** (**निर्वाचन सीमागोलमाल**) (Gerrymandering) – कुनै राजनीतिक स्वार्थवश फाइदा वा हानि पुऱ्याउने ध्येयले निर्वाचन क्षेत्रको सीमालाई जानाजानी तलमाथि पार्ने काम ।

**सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व** (List Proportional Representation) (List PR) – एक  प्रणाली जसमा प्रत्येक सहभागी दल वा समूहले निर्वाचन क्षेत्रको लागि उम्मेदवारहरूको सूची प्रस्तुत गर्दछन्, मतदाताहरूले दलका निम्ति मतदान गर्दछन् र दलहरूले पाएको सम्पूर्ण हिस्साको मतको अनुपातमा स्थान पाउँछन् । विजयी उम्मेदवारहरू सूचीबाट लिइन्छन् ।

**तल्लो सदन** (Lower house) – दुई सदनात्मक विधायिकाको दुई सदनमध्ये एक सदन हो जसलाई साधारणतया "जनताको प्रतिनिधि" समावेश भएको रुपमा हेरिन्छ । जब दुई सदनको शक्ति समान हुँदैन यो बढी शक्तिशाली हुन्छ ।

**बहुमत** (Majoritarian) – पूर्ण बहुमत (५० प्रतिशतमा थप १) मत प्राप्तिका लागि निर्मित ।

**मिश्रित सदस्य समानुपात** (Mixed Member Proportional) (MMP) – एक मिश्रित प्रणाली जसमा सम्पूर्ण मतदाताहरूले निर्वाचित निकायमा केही प्रतिनिधिहरू निर्वाचन गर्न सामान्यतः बढीमत/बहुमत प्रणाली पहिलो निर्वाचन प्रणालीलाई प्रयोग गर्दछ । त्यसपछि बाँकिरहेको स्थान दोश्रो निर्वाचन प्रणाली प्रयोग गरी सामान्यतः सूची प्रणालीबाट दलहरू र समूहमा बाँडफाँड गरिन्छ र निर्वाचन गरिन्छ । जसले गर्दा पहिलो निर्वाचन प्रणालीको परिणामबाट देखिएको असन्तुलित प्रतिनिधित्वलाई क्षतिपूर्ति गर्नसकिन्छ ।

**मिश्रित प्रणाली** (Mixed system) – एक प्रणाली जसमा मतदाताहरूले आफ्ना प्रतिनिधि छनौट गर्न एउटा समानुपातिक प्रतिनिधित्व प्रणाली र अर्को बहुमत प्रणाली दुई किसिमबाट मत जाहेर गर्दछन् । दुई किसिमका मिश्रित प्रणाली छन् : समानान्तर प्रणाली र मिश्रित सदस्य सामानुपात प्रणाली ।

**बहुसदस्यीय निर्वाचन क्षेत्र** (Multi-member district) – एक निर्वाचन क्षेत्र जसबाट विधायिका वा निर्वाचित निकायमा एक भन्दा बढी प्रतिनिधि निर्वाचित हुन्छन् । (एकल-सदस्यीय निर्वाचन क्षेत्र पनि हेर्नुहोस् ।)

**खुला सूची** (Open list) – सूची समानुपातिक प्रतिनिधित्वको एक स्वरुप जसमा मतदाताले दल वा समूह दुबैलाई एउटामा प्राथमिकता प्रकट गर्न सक्छन् वा कुनै समय दल वा समूह भित्रका उम्मेदवारहरूलाई एउटा भन्दा बढीमा पनि यसो गर्न पाउँछन् ।

**समानान्तर प्रणाली** (Parallel System) – एक मिश्रित प्रणाली जसमा मतदाताहरूले प्रतिनिधि निर्वाचनको लागि व्यक्त गरेका छनौट दुई भिन्न प्रयोग गरिन्छ । सामान्यतया एउटा बहुमत प्रणाली र अर्को समानुपातिक प्रतिनिधित्व प्रणाली । तर पहिलो प्रणाली अन्तर्गत बाँडफाँड गरेको स्थानको हिसाब दोस्रो प्रणाली अन्तर्गत परिणाम गणना गर्दा हिसाब गरिन्न । (मिश्रित सदस्य समानुपात पनि हेर्नुहोस् ।)

**दल–केन्द्रित मतपत्र** (Party-centred ballot) (PBV) – एक स्वरुपको मतपत्र जसमा मतदाताले व्यक्तिगत उम्मेदवारको सट्टा दलहरू वा समूहहरूका बीचबाट छनौट गर्दछ ।

**बढीमत/बहुमत प्रणाली** (Plurality / majority systems) – बढीमत/बहुमत प्रणाली यो सिद्धान्तमा आधारित भएको हुन्छ कि उम्मेदवार वा दल जसले अधिक मत (अरुले ल्याएको भन्दा बढी) वा बहुमत (५० प्रशितशतमा थप एक (पूर्ण बहुमत) ल्याउनेलाई विजयी घोषित गरिन्छ ।

**समानुपातिक प्रतिनिधित्व** (Proportional Representation) (PR) – दल वा समूहको सम्पूर्ण मतको अनुपातमा निर्वाचित निकायमा स्थान सचेत रुपान्तरण गर्ने सिद्धान्तमा आधारित एक निर्वाचन प्रणालीको परिवार हो । उदाहरणको लागि एउटा दल जसले ३० प्रतिशत मत प्राप्त गर्दछ त्यसले करिब ३० प्रतिशत स्थान पाउँछ । सबै समानुपातिक प्रतिनिधित्वको प्रणालीका लागि बहुसदस्यीय निर्वाचन क्षेत्र आवश्यक पर्छ ।

**कोटा** (Quota) – देहायका दुईमध्ये एक निश्चित अर्थ लाग्न सक्छ:

क. समानुपातिक प्रतिनिधित्व प्रणालीमा दल वा उम्मेदवारलाई खास निर्वाचन क्षेत्रमा एक स्थान विजय हासिल गर्न प्रत्याभूति गर्ने मतको संख्या ।

ख. निर्वाचित निकायको आवश्यक स्थान संख्यामा दल वा समूहले विशेष प्रकृतिको उम्मेदवार मनोनयन गर्न कानूनले निर्धारण गरेको अनुपात, साधारणतया महिलाहरूको मनोनयन वा निर्वाचनको न्यूनतम संख्या सुनिश्चितताको लागि सर्वाधिक प्रयोग हुनेगर्दछ ।

**एकल-सदस्यीय निर्वाचन क्षेत्र** (Single-member district) – एक निर्वाचन क्षेत्र जहाँबाट विधायिका वा निर्वाचित निकायमा एक मात्र सदस्य निर्वाचित हुन्छन् । (बहु-सदस्यीय निर्वाचन क्षेत्र पनि हेर्नुहोस ।)

**सीमाविन्दु** (Threshold) – न्यूनतम स्तरको समर्थन जुन दललाई व्यवस्थापिकामा प्रतिनिधित्व प्राप्त गर्नका निम्ति आवश्यक पर्छ । यस्तो सीमा एक औपचारिक तवरको हुनसक्छ, जसलाई संविधान अथवा कानूनले नै सामान्यतः खसेको सदर मतको प्रतिशतका रुपमा निश्चित संख्या तोकेको हुन्छ अथवा प्रभावकारी वा प्राकृतिक सीमा जुन प्रचलित निर्वाचन प्रणालीको गणितीय गुण हो ।

**दुई-चरण प्रणाली** (Two-Round System) (TRS) – बढीमत/बहुमत प्रणाली जसमा यदि प्रथम निर्वाचनको चरणमा कुनै पनि उम्मेदवारले निर्धारित स्तरको मत, ज्यादै सामान्य प्रचलनमा पूर्ण बहुमत (५०% मा थप १) ल्याउन सकेन भने दोस्रो निर्वाचन हुन्छ । दुई-चरण प्रणालीले बहुमत प्रणालीको स्वरुप लिनसक्छ जसमा दुईभन्दा बढी उम्मेदवारले दोस्रो चरणका लागि प्रतिस्पर्धा गर्न सम्भव हुन्छ । दोस्रो चरणमा सबभन्दा बढी मत ल्याउने उम्मेदवारले पूर्ण बहुमत नल्याए तापनि विजयी घोषित गरिन्छ । वैकल्पिक तवरमा दुई चरण प्रणालीले बहुमत दौडको स्वरुप लिनसक्छ, जसमा प्रथम चरणमा माथिल्लो स्थानमा रहेका दुई उम्मेदवारहरूले मात्र दोस्रो चरणको लागि प्रतिस्पर्धा गर्नसक्छन् ।

**माथिल्लो सदन** (Upper house) – दुई सदनात्मक व्यवस्थापिकाको दुई सदनमध्येको एक, जसलाई प्रायः क्षेत्र/संघीय राज्यका प्रतिनिधिहरू रहने वा 'पुनरावलोकन सभा' को रुपमा हेरिन्छ । जब दुई सदनको शक्ति समान हुदैन, यो कम शक्तिशाली हुन्छ ।

**खेर गएको मत** (Wasted votes) – यस्तो सदर मत जुन अन्तिम रुपमा कुनै उम्मेदवार वा दलको पक्षमा गणना गरिदैन ।

# अन्तर्राष्ट्रिय आइडीइएको बारेमा

सन् १९९५ मा स्थापित प्रजातन्त्र र निर्वाचन सहयोगका लागि अन्तर्राष्ट्रिय संस्था (International Institute for Democracy and Electoral Assistance), सबै महाद्वीपबाट सदस्य राष्ट्रहरु सम्मिलित एक अन्तर-सरकारी संगठनले संसारभर दिगो प्रजातन्त्रका लागि सहयोग पुऱ्याउने कार्यादेश पाएको छ। आइडीइएले तिनीहरुका बीच कार्य र अन्तरक्रिया गर्दछ जो प्रजातन्त्रका प्रवृत्तिसम्बन्धमा विश्लेषण र अनुगमनमा लागेका छन् र जो स्वदेश र विदेशमा राजनीतिक सुधारको कार्यमा प्रत्यक्ष संलग्न छन् वा प्रजातन्त्रको पक्षमा छन् । आइडीइए ले नयाँ तथा लामो समयदेखि स्थापित दुबै प्रजातान्त्रिक मुलुकहरुमा संस्थाहरु र प्रजातान्त्रिक संस्कृतिको विकास र सुदृढीकरणका लागि मद्दत पुऱ्याउने कार्य गर्दछ। यसले कैयौं किसिमका संस्थाहरुसँगको साझेदारीमा अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रियस्तरमा कार्यक्रम सञ्चालन गर्दछ।

### आइडीइएको प्रमुख उद्देश्यहरु

- प्रजातान्त्रिक संस्थाहरुको विकास र सुदृढीकरणका लागि मुलुकहरुलाई क्षमता निर्माणमा सहयोग पुऱ्याउने,
- विश्वभर प्राज्ञिकवर्ग, नीति निर्माता र अभ्यासकर्ताहरुकाबीच संवादका लागि मञ्च उपलब्ध गराउने,
- प्रजातान्त्रिक प्रक्रियामा सुधारलाई मद्दत गर्न अनुसन्धान र स्थलगत अनुभवलाई संयोजन गर्ने र व्यावहारिक औजारको विकास गर्ने,
- निर्वाचन व्यवस्थापनमा पारदर्शिता, उत्तरदायित्व र कुशलता प्रवर्द्धन गर्ने,
- स्थानीय नागरिकहरुद्वारा स्वदेशी प्रजातन्त्रको मूल्याङ्कन, अनुगमन र प्रवर्द्धनका लागि सहजीकरण गर्ने,

प्रजातन्त्र र निर्वाचन सहयोगका लागि अन्तर्राष्ट्रिय संस्था
The International Institute for Democracy and Electoral Assistance (IDEA),
Strömsborg, S-103 34 Stockholm, Sweden
Phone: +46 8 698 37 00
Fax: +46 8 20 24 22
E-mail: info@idea.int
Website: http://www.idea.int

# ग्रामीण विकास प्रतिष्ठानको बारेमा

ग्रामीण विकास प्रतिष्ठान बहुपेशागत व्यावसायिक समूहद्वारा २०५३ सालमा स्थापित एक स्वतन्त्र एवं गैर-सरकारी सामाजिक संस्था हो। हाल यसको व्यावसायिक समूहमा कानूनविद्, न्यायकर्मी, मानव अधिकारवादी, महिला अधिकारवादी, संस्थागत विशेषज्ञ, सामाजिक तथा प्राकृतिक स्रोत व्यवस्थापन विज्ञ, संरक्षणवादी तथा प्रशासन विज्ञहरु संलग्न छन् ।

### प्रतिष्ठानका प्रमुख कार्यक्षेत्रहरु

- सुशासन र विकेन्द्रीकरण
- मानव अधिकार र सामाजिक न्याय
- महिला र लैङ्गिक न्याय
- प्राकृतिक स्रोत व्यवस्थापन
- सामुदायिक विकास

### प्रतिष्ठानको मुख्य उद्देश्य

सुशासन, विकेन्द्रीकरण, सामाजिक न्याय, मानव अधिकार तथा गरिबी निवारणसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्ने । महिला, विपन्न र पिछडिएका समुदायको सर्वाङ्गिण विकासका कार्यक्रमहरुलाई प्राथमिकता दिई उनीहरुको सशक्तीकरणका लागि पहल गर्ने ।

### प्रतिष्ठानको रणनीति

प्रतिष्ठानले सरोकारवालाहरुको संलग्नतामा विकेन्द्रीकरण, मानव अधिकार, सामाजिक न्याय समेतको सहभागितामूलक शासन प्रणाली र मुलुकको प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धमा नीति निर्माण, परामर्श, पारित नीतिको कार्यान्वयनमा सहजीकरण तथा अनुगमन र लक्षित समूहको प्रतिकृयासहित नीति निर्माणमा पुनरावलोकनका लागि सघाउ पुऱ्याउने रणनीति अवलम्बन गर्दछ ।

प्रतिष्ठानले सरकारी, गैरसरकारी तथा स्थानीय तहमा रहेका अन्य क्षेत्रहरुसँग साझेदारीमा लक्षित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । विशेष गरी स्थानीय निकायहरु - गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समिति तथा ती निकायहरुका राष्ट्रिय महासंघ/संघसँग समन्वय गरी स्थानीय निकायहरुको क्षमता विकास, स्वायत्त-शासन प्रणालीको सुदृढीकरण तथा सुशासनका पक्षमा

विभिन्न गतिविधि सञ्चालन गर्दै आएको छ । स्थानीय स्रोत साधन तथा प्राकृतिक व्यवस्थापनद्वारा कमजोर वर्गको उत्थानको लागि विशेष कार्यक्रमहरुको पहिचान र सञ्चालनमा क्रियाशील छ । प्रतिष्ठानले विकेन्द्रित स्वायत्त-शासन र पूर्ण निक्षेपणका विविध क्षेत्रमा अध्ययन, अनुसन्धान तथा अन्तरक्रिया गरी प्रस्तुत गरेका प्रतिवेदनहरु उपयोगीसिद्ध भएका छन् । प्रतिष्ठानले नुवाकोट, धादिङ, जुम्लामा आफ्नो शाखामार्फत र अन्य जिल्लामा सदस्य, सम्पर्क व्यक्ति र स्थानीय गैरसरकारी संस्थामार्फत कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

ग्रामीण विकास प्रतिष्ठान
Rural Development Foundation
Babarmahal-11, Kathmandu, Nepal
P.O. Box. 5473
Tel: +977 1 424 6650
Fax: +977 1 4267 739
E-mail: rdf@mail.com.np
Website: http://www.rdfnepal.org.np

INTERNATIONAL IDEA INSTITUTE FOR DEMOCRACY AND ELECTORAL ASSISTANCE




# tems of the World

legislatures – unicameral or lower
ntries and related territories.
have no direct representation in a
h which they are associated.

**International IDEA**
Strömsborg
SE-130 34 Stockholm
Sweden
Tel: + 46 8 698 37 00
Fax: + 46 8 20 24 22
E-mail: info@idea.int
www.idea.int

of such boundaries, nor does the placement or size of any country or territory reflect the political view of International IDEA.
nal Design: Trydells Forum, Sweden

विश्वमा प्रजातन्त्रको सुदृढीकरणको लागि निर्वाचन प्रणालीको प्रारुप निर्माण एक महत्वपूर्ण आधारभूत तत्व हो । यस्तोमा, अन्तर्राष्ट्रिय आइडीइएको परिमार्जित हातेपुस्तक ज्यादै अनुकूल समयमा आएको छ र यो सम्पूर्ण राजनीतिकर्मी एवं निर्वाचनसम्बन्धी विषयमा संलग्न रहेकाहरुलाई अनिवार्य अध्ययन सामग्री हुनेछ ।

**एनरिक इग्लेसियास**
**प्रेसिडेन्ट, इण्टर–अमेरिकन डेभलपमेन्ट बैंक**

संविधान निर्माणको क्रममा निर्वाचनसम्बन्धी नियमहरु ज्यादै कठिन छनौटमध्येका हुन् । यो हातेपुस्तकले विश्वभर प्रचलित वैकल्पिक निर्वाचन प्रणालीहरुको स्पष्ट तथा विस्तृत समीक्षाकासाथै तिनका गुण र दोषका सम्बन्धमा न्याययुक्त तथा सन्तुलित मूल्याङ्कन दिन्छ, जसले नीति निर्माता, निर्वाचन प्रशासक र सुधारकहरुलाई महत्वपूर्ण जानकारी उपलब्ध गराउँदछ ।

**पिप्पा नोरिस**
**द म्याकगुइर लेक्चरर इन कम्प्यारेटिभ पोलिटिक्स**
**जोहन एफ केनेडी स्कूल अफ गभर्नमेन्ट, हार्वर्ड युनिभर्सिटी**

आइडीइएको उद्देश्य त्यस्ता मुलुकहरुका लागि व्यावहारिक तवरमा उपयोगीसिद्ध हुनु हो जहाँ प्रजातन्त्रको स्थापना वा सुदृढीकरणका लागि कार्य भइरहेको छ-जहाँ सुधारकहरुले प्रजातान्त्रिक संयन्त्रको पुर्जा बनाइरहेका छन् । यसको बहसमा संलग्न राजनीतिकर्मीहरुमात्र होइन, यस बहसमा संलग्न प्रत्येकले अन्य कुराहरुका अतिरिक्त विभिन्न निर्वाचन प्रणालीका गुण र दोषका सम्बन्धमा र तिनका आफ्नै राजनीतिक धरातलमा कतिको सम्बन्धित हुन्छन् भनी विचार गर्नु आवश्यक छ । उनीहरुको प्रयोगको लागि यो पुस्तक एक महत्वपूर्ण दिग्दर्शन हो ।

**थोरभाड स्टोटेनबर्ग**
**प्रेसिडेन्ट, नर्वेजियन रेडक्रस तथा पूर्व अध्यक्ष**
**आइडीइए सञ्चालक समिति**

म यो हातेपुस्तक त्यस्तालाई सिफारिस गर्दछु जसले प्रभावकारी, कुशल र पारदर्शी निर्वाचन प्रणालीको प्रबर्द्धन र सञ्चालनका लागि अथक प्रयास गरिरहेका छन् । यसले बृहत्तर संस्थागत, राजनीतिक र सामाजिक सन्दर्भ तथा मुलुकहरुको खाकामा निर्वाचन प्रणालीले कसरी अन्तरक्रिया गर्छ भन्ने र यसबाट कसरी सहभागितालाई असर पार्दछ, सहमति निर्माण र द्वन्द्वको व्यवस्थापनलाई सहयोग पुऱ्याउँछ एवं संशयात्मक मतदाताहरुको विश्वास आर्जन गर्छ भन्ने कुराको वर्णन गर्दछ । यहाँ उठाइएका विषयहरुको जटिलतालाई बुझ्न र सराहना गर्न यो हातेपुस्तक पढ्नै पर्छ ।

**ब्रिजालिया बाम**
**अध्यक्ष, दक्षिण अफ्रिकी निर्वाचन आयोग तथा**
**सदस्य, आइडीइए सञ्चालक समिति**

आइडीइएको नयाँ हातेपुस्तक निर्वाचन प्रणालीको प्रारुपसम्बन्धमा जानकारी र सल्लाहका लागि एकमात्र सर्वोत्तम स्रोत हो । यो विस्तृत तथा न्यायपूर्ण दुबै छ । यो प्रभावकारी कार्यको निम्ति निर्वाचन प्रणालीका निर्माता र निर्वाचन प्रणालीका विद्यार्थीहरु आउँदा कैयौं वर्षसम्म अनुगृहित भइरहने छन् ।

**डोनाल्ड एल होरोविज**
**जेम्स बी. ड्युक, प्रोफेसर अफ ल एण्ड पोलटिकल साइन्स,**
**डयुक युनिभर्सिटी**

संयुक्त राष्ट्रसंघीय निर्वाचन सहयोगका गतिविधिले हाल विश्वका ५० भन्दा बढी मुलुकहरुमा प्रजातान्त्रिक निर्वाचन प्रक्रियाको लागि मद्दत पुऱ्याइ रहेको छ । यी प्रक्रियाहरुमा निर्वाचन प्रणालीको प्रारुप निर्धारण एक महत्वपूर्ण पक्ष हो । संवैधानिक र संस्थागत प्रारुपको व्यापक सन्दर्भमा यसबाट अलग रहेर विचार गर्न सकिदैन र यो द्वन्द्व व्यवस्थापन, लैंगिक प्रतिनिधित्व एवं राजनीतिक दलीय प्रणालीको विकासजस्ता विविध क्षेत्रहरुका निम्ति शोचनीय हुनसक्छ । तसर्थ, अन्तर्राष्ट्रिय आइडीइएले यो नयाँ हातेपुस्तक प्रकाशमा ल्याएकोमा म प्रशन्नता व्यक्त गर्दछु ।

**क्यारिना पेरेली**
**निर्देशक, संयुक्त राष्ट्रसंघ निर्वाचन सहयोग महाशाखा**

अन्तर्राष्ट्रिय आइडीइएले जब सन् १९९७ मा निर्वाचन पद्धतिको प्रारुपको पहिलो हातेपुस्तक प्रकाशमा ल्याएपछि प्रजातन्त्रवादी, नीति निर्माता तथा प्रतिनिधित्वलाई कसरी ज्यादै प्रभावकारी बनाउन सकिन्छ भन्ने सम्बन्धमा उत्सुकहरुले पढ्नैपर्ने पुस्तकको रुपमा यो तुरुन्तै स्थापित भयो । यो नयाँ पुस्तक उक्त संस्करणभन्दा ज्यादै बढी नवीन छ- पूर्ण परिमार्जित तथा अद्यावधिक ग्रन्थ, नयाँ तथा महत्वपूर्ण विषयहरुको विश्लेषण गरिएकोछ, जसलाई सन् १९९० को दशकको मध्यदेखि उठाइएको थियो, साथै, कतिपय नयाँ र अद्यावधिक गरिएका विषय अध्ययनहरु समावेश छन् । यो नयाँ हातेपुस्तक फेरि अत्यावश्यकीय अध्ययन सामग्री हो ।

**आरेन्ड लिजहार्ट**
**रिसर्च प्रोफेसर एमेरिट्स अफ पोलिटिकल साइन्स,**
**डिपार्टमेण्ट अफ पोलिटिकल साइन्स,**
**युनिभर्सिटी अफ क्यालिफोर्निया, सान दियगो**

नयाँ प्रजातान्त्रिक मुलुकहरुमा यदि राजनीतिकर्मी र तिनका सहयोगीहरुले आफ्ना मुलुकमा निर्वाचनसम्बन्धी नियमको निर्णय गर्दा तिनीहरुले एउटैमात्र किताब हेर्ने समय पाए भने त्यो आइडीइएको निर्वाचन प्रणाली प्रारुपको नयाँ हातेपुस्तक सर्वोतम हुने छ ।

**रेइन तागेपेरा**
**प्रोफेसर एमेरिटस, युनिभर्सिटी अफ क्यालिफोर्निया,**
**इर्भाइन, र युनिभर्सिटी अफ टार्टु, इस्टोनिया**

9 789185 724079

ISBN:978-91-85724-07-9

RURAL DEVELOPMENT FOUNDATION
Post Box: 5473
Babarmahal, Kathmandu-11
Nepal
Phone: +977 1 4246650
Fax: +977 1 4267739
E-mail: kmprdf@mail.com.np
Website: http://www.rdfnepal.org.np

INTERNATIONAL IDEA
Strömsborg
S-103 34 Stockholm
Sweden
Phone: +46 8 698 37 00
Fax: +46 8 20 24 22
E-mail: info@idea.int
Website: http://www.idea.int